अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४३ / अंक : ४१ / २०८३ जेठ १ गते शुक्रबार / नेपाल सम्वत ११४६ / May. 15, 2026 / मूल्य रु. १०/-

## के सुकुम्बासीको मानवअधिकार हुँदैन ?

काठमाडौ । मलाई बोल्न दे सरकार भनेर जनताको विश्वास जितेर आएका सरकार प्रमुख बालेन साह सरकारले सुकुम्बासीको न्यूनतम मानव अधिकार तथा संविधानले दिएको अधिकारको समेत उल्लंघन गरेर सुकुम्बासीलाई उठिबास लगाएका छन् । साह काठमाडौ महानगरपालिको मेयर पदमा रहँदा पनि सुकुम्बासीलाई उठिबास गर्न लागि परेका थिए तर त्यसबेला उनी सफल हुन सकेका थिएन । तत्कालिन सरकारले सुकुम्बासी उठाउन सहयोग नगरेको आरोप उनले फेसबुकमार्फत लगाउँदै आएका थिए ।

सुकुम्बासीहरूको पहिचान गरेर उनीहरूलाई कहाँ राख्ने जग्गा कहाँको दिने भनेर पहिला नै व्यवस्था गर्नुपर्ने थियो । वास्तविक सुकुम्बासी कति छन् उनीहरूको देशभरमा कहिँ कतै जग्गा छ कि छैन भनेर पहिचान गरेर मात्र उनीहरूलाई छुट्याउनुपर्नेमा

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

# प्रधानमन्त्री बालेन साहले संसदीय व्यवस्थाकै खिल्ली उडाए

## राष्ट्रियसभाले आफ्नो अस्तित्व कायम गरोस्

देवेन्द्र चुडाल



काठमाडौ । कुनै बेला तत्कालिन माओवादीले संविधानसभामा झण्डै दुई तिहाई मत ल्याएको थियो । त्यसबेलो पनि पुष्पकमल दाहाल नै माओवादीका अध्यक्ष रहेका थिए । तर उनले समेत २०६४ मा जनताले दिएको मतलाई बचाउन सकेनन् । पहिला संविधानभसा संविधान निर्माण गर्न नसकेर विघटन भएको थियो भने दोस्रो निर्वाचनमा संविधानसभामा कांग्रेस, एमाले सहितका राजनीतिक दलहरूको बलियो उपस्थिति रहेको हुनाले नै संविधान निर्माण हुन सकेको इतिहास साँक्षी रहेको छ ।

गत फागुन २१ गते भएको प्रतिनिधिसभाको निर्वाचनमा रास्वपाले झण्डै दुई तिहाई मत पाएको थियो । त्यही मतका आधारमा अहिले रास्वपा नेतृत्वको बालेन सरकार रहेको छ । तर सरकारले संसदमा रहेका विपक्षी दलहरूलाई पेलेरै अघि बढ्न खोजेको जस्तो देखिएको छ भने सरकारको नीति तथा कार्यक्रम राष्ट्रपतिले बाचन गर्दै गर्दा प्रधानमन्त्री बालेन भने विचमै उठेर हिडे आखिर किन ?

आफ्नै नेतृत्वको सरकारले ल्याएको सरकारको नीति तथा कार्यक्रम राष्ट्रपतिले बाचन गदागर्दै विचमै उठेर हिड्नुपर्ने अवस्था प्रधानमन्त्री बालेनलाई किन आयो ? संसदको मर्यादा प्रधानमन्त्रीले नै नराख्ने हो भने अरूले राख्नुपर्ने आवश्यक देखिँदैन । अब गिनिज बुकमा बालेन साहको नाम उल्लेख गर्नुपर्ने भएको छ । आफ्नै नेतृत्वको सरकारले पारित गरी राष्ट्रपतिबाट बाचन गरिएको सरकारको नीति तथा कार्यक्रमबाट विचैमा हिड्ने कुन देशका प्रधानमन्त्री हुन् भनेर हाजिरी जवाफमा समेत साध्नुपर्ने भएको छ ।

आफ्नै नेतृत्वको एकलौटी सरकारले ल्याएको नीति तथा कार्यक्रम प्रधानमन्त्री साहलाई नै मन नपरेकोले विचैमा उठेर हिडेका हुन् वा अन्य केही भएर अब त्यसको जवाफ प्रधानमन्त्री साहले जनताका प्रतिनिधिहरूको थलो संसदलाई दिनुपर्दछ । प्रधानमन्त्रीका केही निश्चित मूल्य मान्यता र मर्यादा हुन्छन् ती पालना नगर्ने हो भने

>>> बाँकी ८ पेजमा

## अध्यादेश पारित नहुने प्रायः निश्चित

काठमाडौ । रास्वपा नेतृत्वको बालेन सरकारले हालै ल्याएका ८ अध्यादेश मध्येका कम्तिमा २ वटा अध्यादेश विवादको घेरामा परेका छन् भने सर्बोच्च अदालतका प्रधानन्यायाधिशको लागि सम्वैधानिक परिषद्ले बहुमतको आधारमा वरिष्ठ न्यायाधिशलाई पन्छाएर चौथो नम्वरमा रहेका मनोज शर्मालाई सिफारिस गरेको विषय पनि विवादित बन्न पुगेको छ ।

गत फागुन २१गते सम्पन्न भएको प्रतिनिधिसभाका सांसदहरूको निर्वाचनमा झण्डै दुई तिहाई मत ल्याएको रास्वपाको नेतृत्वको सरकारले आफैँले आह्वान गरिसकेको संसदको अधिवेशन एकाएक स्थगित गरेर ८ वटा अध्यादेश ल्याएको थियो । ती मध्येका दुई अध्यादेश सम्वैधानिक परिषद्को ऐन र केही नेपाल ऐनलाई संशोधन

>>> बाँकी ८ पेजमा

## कर्मकाण्डकै लागि नीति तथा कार्यक्रम

काठमाडौ । झण्डै दुई तिहाई मत पाएर सरकारको नेतृत्व गरेको रास्वपाका वरिष्ठ नेता बालेन साह सरकारले वैशाख २८ गते संघीय संसदका दुवै सदनको वैठकमा राष्ट्रपतिलाई बाचन गर्न लगाएको सरकारको नीति तथा कार्यक्रमले जनतामा उत्साह जगाउन सकेको देखिएन । संसदमा उपस्थित भएका रास्वपा बाहेकमा अन्य राजनीतिक दलहरूले सरकारको नीति तथा कार्यक्रमप्रति तिव्र असन्तुष्टि जनाएका छन् । झण्डै दुई तिहाई मत पाएर एकलौटी सरकार निर्माण गरेको बालेन सरकारले समेत कर्मकाण्डी पुऱ्याउनैका लागि मात्र आफ् नो नीति तथा कार्यक्रम ल्याएको छ ।

नीति तथा कार्यक्रममा नयाँपन केही देखिएको छैन । सुकुम्बासी, भूमिहीनका बारेमा ठोस कुरा ल्याएको छैन र नीति तथा कार्यक्रम कार्यान्वयनमा जाने बेलामा अन्यौल देखिने प्रष्ट रूपमै देखिन्छ । कांग्रेस, एमाले

>>> बाँकी ८ पेजमा

## अध्यागमनको ट्र्याकिङमा विदेशी नागरिक

काठमाडौ । अध्यागमन विभागको आयोजनामा सरोकारवाला निकायहरूसँग छलफल गरि विदेशी नागरिक व्यवस्थापन सूचना प्रणालीलाई कसरी प्रभावकारी बनाउने भन्ने विषयमा छलफल भएको छ । छलफलमा विदेशी नागरिक व्यवस्थापन सूचना प्रणालीमा देशको सुरूक्षा र स्वयम् विदेशी नागरिकहरूको समेत सुरक्षाको लागि पनि यो प्रणालीमा आउनु पर्ने छलफलमा उठेका थिए ।

छलफल कार्यक्रममा अध्यागमन विभागले विदेशी नागरिक अनुगमन प्रणाली एफ एन एम आई एस कार्यान्वयनको प्रगतिबारे पनि समीक्षा गरेको छ ।

हालसम्म होटल, ट्रेकिङ्ग एजेन्सी, आन्तरिक विमान कम्पनी र विदेशी नागरिकलाई सेवा प्रवाह गर्ने एक हजार पाँच सय ४३ वटा सेवा प्रदायक संस्थाहरु त्यस प्रणालीमा आवद्ध भएको जनाएका छन् । जसमध्ये ९४ वटा होटल उक्त प्रणालीमा आवद्ध भएका छन् भने उक्त प्रणालीमार्फत् करिब एकलाख २५ हजार यात्रुहरूको अभिलेखाङ्कन भएका छन्

उक्त प्रणाली सन् २०२६ जनवरी १ देखि काठमाडौंका तारे होटलहरूमा र मार्च १ देखि विदेशी नागरिकलाई सेवा प्रवाह गर्ने सबै सेवा प्रदायकहरु संघ-संस्थाहरूमा लागू भएको छ ।

अध्यगमन विभागका निर्देशक तथा प्रवक्ता टिकाराम ढकालले विदेशी नागरिक व्यवस्थापन

>>> बाँकी ८ पेजमा

## संसदमा देखियो बहुमतको दम्भ

### दम्भ देखाउँदै गए मुलुक नै संकटमा पर्ने खतरा



काठमाडौ । गत फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभाको सांसदका लागि भएको निर्वाचनमा झण्डै दुई तिहाई मत पाएर सरकारको नेतृत्व गरेको रास्वपाको नेतृत्वको सरकारले संसदमा राष्ट्रपतिलाई बाचन गराएको सरकारको नीति तथा कार्यक्रमको विषयमा प्रधानमन्त्रीले संसदमा उठेका प्रश्नको उत्तर दिने परम्परा रहि आएकोमा त्यसलाई प्रधानमन्त्री साहले उल्लंघन गरेका छन् ।

राष्ट्रपतिले सरकारको नीति तथा कार्यक्रम बाचन गर्दागर्दै प्रधानमन्त्री साह बाहिरिए थिए । त्यस विषयमा समेत विाद उत्पन्न भएको छ । सरकारको नीति तथा कार्यक्रम भनेको कार्यकारी प्रमुख प्रधानमन्त्रीको हो । मन्त्रीहरु भनेका प्रधानमन्त्रीको सहयोगी मात्र हुन् । त्यसैले गर्दा प्रधानमन्त्रीले राजिनामा दिएको खण्डमा मन्त्रीहरूले राजिनामा दिनु पर्दैन तर मन्त्रीहरूले राजिनामा दिएपनि प्रधानमन्त्री भने रहिरहने व्यवस्था भएकाले यस व्यवस्थालाई प्रधानमन्त्रीय पद्दति भनिएको हो ।

रास्वपा नेतृत्वको बालेन साह सरकारको पक्षमा संसदमा झण्डै दुई तिहाई मत रहेको छ । त्यहि मतलाई देखाएर प्रधानमन्त्री साहले संसदीय परम्परा तोड्ने प्रयास गरिरहेका छन् । सरकारको

>>> बाँकी ८ पेजमा

## व्यवस्थापिका र न्यायापालिकामाथि कार्यपालिका हावी हुने



काठमाडौ । आफैँले आह्वान गरिसकेको संसदको अधिवेशन एकाएक स्थगित गर्नुको रहस्य विस्तारै खुल्न थालेको छ । प्रधानमन्त्री बालेन साहले वैशाख १० गते नै संसदको अधिवेशन वैशाख १७ गते बस्ने गरी राष्ट्रपति कहाँ पत्र पठाएका थिए । सोही पत्रका आधारमा राष्ट्रपतिले अधिवेशन आह्वान गरेपछि वैशाख ११ गते नै फेरी अर्को पत्र राष्ट्रपति कहाँ पठाएर संसदको तयारी नपुगेको भन्दै अधिवेशन स्थगित गरिएको थियो ।

आह्वान भै सकेको अधिवेशन स्थगित हुनको पछाडिको रहस्य खुल्दै गएका छन् । वैठक स्थगित पछि सरकारले आफूँ अनुकूल विभिन्न ८ वटा अध्यादेश ल्याएको छ । प्रायः ती सबै अध्यादेशहरु विवादको घेरामा परेका छन् भने सबैभन्दा बढी विवाद सम्वैधानिक परिषद्सम्बनधी अध्यादेशका बारेमा उठेको छ । केही नेपाल ऐन संशोधन अध्यादेश ल्याएर एकै पटक १६ सय भन्दा बढी पदाधिकारीहरूलाई हटाइएको छ भने केही पदाधिकारीहरूको नियुक्तिको लागि आह्वान समेत गरिएको छ ।

सम्वैधानिक परिषद्मा प्रधानमन्त्री अध्यक्ष रहने र सदस्यहरूमा प्रतिनिधिसभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, सर्बोच्च अदालतका प्रधानन्यायाधिश, प्रतिनिधिसभाका उपसभामुख र प्रतिनिधिसभामा प्रमुख विपक्षी दलका नेता रहने सम्वैधानिक व्यवस्था रहेको छ । जसमा ६ जना पदाधिकारी हुने व्यवस्था संविधान निर्माण कर्ताहरूले मुलुकका प्रमुख तीन अङ्ग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाका प्रमुख र विपक्षी दलका नेता सदस्य रहने व्यवस्था गर्दै तिनै अङ्गबीचको सम्बन्ध राम्रा होस्, सर्वसम्मत्तिले निर्णय होस् भनेर गरेका हुन् । तर प्रधानमन्त्री साहले सम्वैधानिक परिषद्को ऐन नै परिवर्तन गरेर आफू सहित ३ जनाले गरेका निर्णय पनि संविधान संम्वत हुने र मत बराबरी अर्थात ३/३ जना भएपनि अध्यक्षको १ मत थप हुने व्यवस्था गर्नु आफैँमा हास्यास्पद रहेको छ ।

सर्बोच्च अदालतका प्रधानन्यायाधिशको लागि बसेको सम्वैधानिक परिषद्को बैठक नियमसम्वत् थिएन । २४ घण्टा अगाडि नै सदस्यहरूलाई सूचना दिनुपर्ने र छलफलका विषयहरूका बारेमा जानकारी दिनुपर्नेमा अहिले त्यस्तो गरेको देखिएन । सदस्यहरूलाई १०/१५ मिनेटमात्र समय दिइयो । छलफलका

>>> बाँकी ८ पेजमा

## अध्यादेश स्वीकृत नभएको खण्डमा बालेन सरकारमाथि नैतिक संकट

काठमाडौ । जान्नेलाई छान्ने भन्ने रास्वपा नेतृत्वको बालेन सरकारले ल्याएको दुई अध्यादेश सम्वैधानिक परिषद्को वैठक सम्बन्धी कार्यविधिलाई अध्यादेशले संशोधन गरेको र केही नेपाल ऐन संशोधन गरेर सार्वजनिक पदाधिकारीलाई एउटै अध्यादेशको आडमा एकमुष्ट विदाई गर्ने व्यवस्था गम्भीर रहेको छ । अघिल्लो सरकारले गरेका निर्णयहरु म वा हामी मान्दिनँ भन्ने हो भने राज्यको नियम नै समाप्त हुन्छ ।

संसदमा उपस्थित रहेका दलहरु मध्येका नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा सहितका दलहरूले यी दुवै अध्यादेशको विरोध गरिरहेका भएपनि बालेन सरकार भने बलजफ्ती नै पेलेर जाने पक्षमा देखिएको छ । आफैँले

>>> बाँकी ८ पेजमा

# Pakistan's strategic role in an expanding Iran conflict

Qamar Bashir

The ongoing diplomatic effort led by Pakistan to mediate between the USA and Iran may appear, at first glance, to be a straightforward negotiation between two adversaries. Yet beneath this seemingly simple framework lies a deeply entangled geopolitical battlefield where multiple actors, conflicting agendas, and irreconcilable objectives converge. What is unfolding is not merely a bilateral dispute but a sprawling, multi-theatre confrontation that extends far beyond Washington and Tehran, making any meaningful negotiation extraordinarily complex— if not nearly impossible.

At the heart of this crisis is a fundamental misunderstanding: the assumption that the war is confined to the USA and Iran. In reality, the conflict has evolved into a broader regional and ideological struggle involving Israel, the Gulf Cooperation Council (GCC), Turkey, Cyprus, Hezbollah in Lebanon, and multiple active theatres including Gaza, the West Bank, Syria, and Iraq. Each of these actors has its own stakes, fears, and strategic objectives, transforming the conflict into a geopolitical web that defies simple resolution.

Pakistan's role as mediator, therefore, is not just challenging— it is unprecedented in its complexity. Islamabad is not merely facilitating dialogue between two nations; it is attempting to reconcile a spectrum of actors whose interests often directly contradict one another. Even if the USA and Iran were to reach some form of agreement, the presence of Israel as an independent and highly assertive military actor complicates the equation significantly.

Recent statements from senior US officials, including Secretary of State Marco Rubio, underscore this dilemma. The USA has indicated that Israel retains the autonomy to act militarily against Iran regardless of any agreement reached between Washington and Tehran. This implies that even a successful US-Iran deal could be rendered meaningless if Israel continues hostilities— a scenario that is not only plausible but likely, given Israel's stated security concerns.

The Iranian response to the US 15-point proposal further highlights the widening gap between the two sides. While Iran acknowledged receipt of the proposal, it outright rejected its core components and introduced additional demands that significantly raised the stakes. Among these is a call for the cessation of hostilities between Israel and multiple regional actors, including Lebanon, Yemen, Syria, and Iraq. This effectively expands the scope of negotiations beyond US-Iran relations into a broader regional ceasefire framework— one that Israel has shown little willingness to accept.

Compounding this complexity is Iran's demand for international recognition of its sovereignty over the Strait of Hormuz, a critical global energy chokepoint. This demand is not merely symbolic; it challenges the existing international maritime order and threatens the economic interests of numerous nations, including the USA and its allies. Accepting such a demand would fundamentally alter the balance of power in the region, making it a non-starter for many stakeholders.

Pakistan's mediation effort, therefore, represents both a formidable challenge and a critical opportunity. Success will require not only diplomatic skill but also a willingness among all parties to move beyond rigid positions and embrace pragmatic solutions. Whether such a shift is possible remains to be seen, but the stakes could not be higher.

Meanwhile, the GCC countries have entered the equation with their own set of demands, including compensation for war-related damages and assurances against future Iranian aggression. Their involvement adds yet another layer to an already intricate negotiation process, as their security concerns and economic interests must now be factored into any potential agreement.

Within Iran itself, there appears to be little appetite for compromise. The prevailing sentiment among its leadership is one of defiance rather than negotiation. Tehran has made it clear that it does not intend to end the war under external pressure or imposed timelines. Instead, it seeks to dictate the terms, timing, and conditions of any resolution, positioning itself as the primary arbiter of the conflict's outcome.

This stance directly conflicts with the objectives of the USA,



which initially entered the conflict with four key demands influenced heavily by Israeli strategic priorities: the surrender of enriched uranium stockpiles, the dismantling of Iran's missile programme, the destruction of its military manufacturing infrastructure, and the cessation of support for regional proxy groups. Iran has categorically rejected these demands, viewing them as infringements on its sovereignty and security.

On the battlefield, the situation continues to escalate. Reports indicate that Iran has launched attacks on US military bases in Saudi Arabia, resulting in casualties and forcing evacuations. Simultaneously, Iran has targeted critical infrastructure within Israel, including nuclear facilities, oil refineries in Haifa, and potentially water desalination plants— moves aimed at crippling Israel's energy and water supply systems.

Adding to the gravity of the situation are the assessments of military analysts such as Scott Ritter, a former US serviceman with extensive experience in conflict zones. Ritter has issued stark warnings about the vulnerability of US forces in the region, suggesting that many US bases are no longer secure and that casualties may be significantly underreported. He argues that modern warfare, as demonstrated by Iran, has rendered traditional military assets like aircraft carriers increasingly ineffective, particularly against advanced drone and missile systems.

Ritter's controversial remarks go even further, advocating for extreme measures against Israel's military and nuclear infrastructure— statements that, while highly provocative, reflect the intensity of the debate within certain strategic circles. His broader argument is that the USA is engaged in a conflict it cannot win under current conditions and should consider a strategic withdrawal to avoid further escalation.

In Washington, however, the narrative remains cautiously optimistic. President Donald Trump has expressed confidence in the ongoing negotiations, suggesting that progress is being made and that a resolution may be within reach. Senior officials have echoed this sentiment, pointing to continued diplomatic engagement as a sign of hope.

Yet this optimism finds little resonance in Tehran, where officials have dismissed such claims as disconnected from reality. Iranian leaders maintain that they are not engaged in meaningful negotiations and have not accepted any of the proposed terms. Their position is clear: the war will end only on their terms, at a time and place of their choosing.

Parallel to the military and diplomatic fronts is a sophisticated information war in which Iran appears to be gaining significant ground. Through highly produced videos, emotionally charged narratives, and coordinated social media campaigns, Iran has effectively shaped public perception both domestically and internationally. These efforts are not merely propaganda; they are strategic tools designed to influence global opinion and undermine the legitimacy of opposing forces.

This convergence of military escalation, diplomatic deadlock, and psychological warfare creates a volatile environment in which Pakistan must operate as a mediator. The challenge is not just to bridge differences between two nations but to navigate a labyrinth of competing interests, historical grievances, and strategic calculations.

Ultimately, the prospects for a comprehensive resolution remain uncertain. The maximalist positions adopted by all major actors leave little room for compromise, and the expanding scope of the conflict continues to introduce new variables into an already complex equation.

Yet despite these daunting challenges, diplomacy remains the only viable path forward. The alternative— a prolonged, multi-front war— would have devastating consequences not only for the region but for global stability, energy markets, and international security.

Pakistan's mediation effort, therefore, represents both a formidable challenge and a critical opportunity. Success will require not only diplomatic skill but also a willingness among all parties to move beyond rigid positions and embrace pragmatic solutions. Whether such a shift is possible remains to be seen, but the stakes could not be higher.

# विकासशीलमा स्तरोन्नतिलाई तीन वर्ष पछाडि सार्ने तयारी

काठमाडौं । नेपालले अतिकम विकसित देशबाट विकासशीलमा स्तरोन्नति हुने म्यादलाई तीन वर्ष पर सार्ने तयारी गरेको छ । स्तरोन्नतिपछि आउने चुनौतीको सामना तथा अवसरको उपयोगका लागि आवश्यक तयारी नपुगेको भन्दै संयुक्त राष्ट्रसंघसँग तीन वर्ष थप समय माग गर्ने तयारी गरेको हो ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गुणाकर भट्ट संयोजक रहेको स्तरोन्नति अनुगमन तथा मूल्यांकन समितिको मंगलबार बसेको बैठकले स्तरोन्नतिलाई तीन वर्ष पर सार्न सरकारलाई सिफारिस गर्ने निर्णय गरेको हो । आगामी नोभेम्बरमा नेपाल अतिकम विकसित देशबाट विकासशीलमा स्तरोन्नति हुँदै छ । तर, स्तरोन्नतीका लागि तयारी पूरा नभएको विज्ञ, निजी क्षेत्र र कतिपय राजनीतिज्ञको विश्लेषण छ । प्रधानमन्त्री र अर्थमन्त्रीबाट समेत स्तरोन्नतिलाई पर सार्नुपर्ने संकेत आएपछि समितिले यस्तो निर्णय गरेको एक अधिकारीले बताए । 'आयोगले लामो समयदेखि यस विषयमा छलफल गर्दै आएको थियो, निजी क्षेत्र र सरोकारवालाले पनि स्तरोन्नतिलाई पर सार्नुपर्ने सुझाव दिनुभयो,' आयोगका एक अधिकारीले भने, 'स्तरोन्नतिका लागि तयार गरिएको रणनीतिअनुसार समेत अपेक्षाकृत रूपमा काम हुन सकेको देखिएन, त्यसैले यसलाई पर सार्नुपर्छ भन्ने निष्कर्षमा पुगिएको हो ।' अब आयोगले औपचारिक निर्णय गरेर परराष्ट्र मन्त्रालयमा स्तरोन्नतिलाई पर सार्न सिफारिस गर्नेछ । त्यसपछि परराष्ट्रले म्याद थप्न आग्रह गर्दै संयुक्त राष्ट्रसंघलाई पत्राचार गर्ने ती अधिकारीले बताए ।

आयोगका सहप्रवक्ता डा. दिवाकर लुइटेलले मंगलबार स्तरोन्नतिका विषयमा आयोगका पदाधिकारी, विभिन्न मन्त्रालयका सचिव, तथ्यांक कार्यालय तथा राष्ट्र बैंकका प्रतनिधिलगायतबिच छलफल भएको बताए । छिमेकी देश बंगलादेशको नवनिर्वाचित सरकारले विकासशीलमा स्तरोन्नति हुने समयलाई तीन वर्ष पर सार्न भन्दै संयुक्त राष्ट्रसंघलाई पत्राचार गरिसकेको छ । यस विषयमा राष्ट्रसंघले निर्णय गरिसकेको छैन । बंगलादेशको स्तरोन्नति पर सरेमा नेपाल अझ बढी प्रभावित हुने विज्ञहरूले बताउँदै आएका छन् ।

नेपालले अहिले अति कम विकसित मुलुकका रूपमा व्यापारमा शून्य भन्सार, न्यून भन्सारलगायतको सुविधा पाइरहेको छ । त्यस्तै, अतिकम विकासित राष्ट्रले पाउने अनुदान तथा सहुलियत ऋणसमेत पाइरहेको छ । स्तरोन्नतिपछि भने यस्ता सुविधा र अनुदान कटौती हुने तथा ऋणको ब्याज महँगो हुनेलगायत चुनौती थपिनेछन् । यस्ता चुनौतीको सामना गर्न नेपाल तयार भइनसकेको आयोगकै अधिकारीहरु बताउँछन् ।


'खासगरी जेन-जी आन्दोलनबाट भएको भौतिक तथा आर्थिक क्षति, पश्चिम एसियाको तनावका कारण परेको प्रभावलगायतले नेपालको स्तरोन्नतिको तयारी (रेडिनेस)मा असर गरेको देखिन्छ,' उनले भने, 'सबै हिसाबले तयार नभई स्तरोन्नति दिगो हुँदैन, यसमा प्रधानमन्त्री र अर्थमन्त्रीसमेत सहमत हुनुहुन्छ ।'

अर्थमन्त्री डा. स्वर्णिम वाग्ले विकासशीलको स्तरोन्नतिलाई दिगो बनाउने पक्षमा छन् । उनले हालै सार्वजनिक गरेको नेपालको वर्तमान आर्थिक स्थितिपत्रमा 'नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुने चरणमा रहे तापनि यसलाई दिगो बनाउने चुनौती रहेको' उल्लेख गरेका छन् । आर्थिक सामर्थ्य र आयस्तर विकासशील राष्ट्रको तहमा नपुगी स्तरोन्नति हुँदा अन्तर्राष्ट्रिय व्यापारमा प्राप्त ड्युटी-फ्री/कोटा-फ्रीजस्ता सहुलियतहरु गुम्ने र सहुलियतपूर्ण वैदेशिक सहयोगमा कमी आउने जोखिम रहेको स्थितिपत्रमा औँल्याइएको छ । 'आगामी २४ नोभेम्बर २०२६ मा अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुन नेपाल योग्य छ । विकास यात्राको एउटा महत्वपूर्ण कोसेढुंगा भए तापनि यस स्तरोन्नतिलाई दिगो बनाउनुपर्नेछ,' स्थितिपत्रमा उल्लेख छ।

एक महिनाअघि आयोगले सार्वजनिक गरेको एक प्रतिवेदनले अतिकम विकसित मुलुकबाट विकासशीलमा स्तरोन्नति हुने नेपालको तयारी सुस्त रहेको देखाएको थियो । सन् २०२४ को फेब्रुअरीमा तयार पारिएको विकासशीलमा स्तरोन्नतिसम्बन्धी रणनीति (एलडिसी ग्र्याजुएसन स्मुथ ट्रान्जिसन स्ट्राटेजी- एसटिएस)को प्रगति समीक्षा प्रतिवेदनले स्तरोन्नतिको काममा मिश्रित प्रगति मात्रै भएको देखाएको हो । कार्यान्वयन गर्ने निकायले रणनीतिअनुसार कामको गति बढाउनुपर्ने प्रतिवेदनले औँल्याएको छ ।

विकासशीलमा स्तरोन्नतिसम्बन्धी रणनीति (एसटिएस)अन्तर्गत ६ वटा क्षेत्रमा एक सय ६७ वटा कार्य तय गरिएको थियो । तर, त्यसमध्ये हालसम्म जम्मा १५.५६ प्रतिशत कार्य मात्रै पूरा भएको, रणनीतिको ७६.०५ प्रतिशत कार्य चालू (प्रगति)को अवस्थामा रहेको तथा ८.३९ प्रतिशत कार्य सुरू नै नभएको प्रतिवेदनमा उल्लेख छ । जेन-जी आन्दोलनअघि आयोगले तयार पारेको प्रतिवेदनले समेत तयारी नपुगेको औँल्याएको थियो । गत असारमा आयोजित राष्ट्रिय विकास समस्या समाधान समिति (एनडेक)को बैठकमा योजना आयोगका तत्कालीन उपाध्यक्ष प्राडा शिवराज अधिकारीले प्रस्तुत गरेको प्रतिवेदनमा 'स्तरोन्नतिका लागि तयारी नपुगेको' औँल्याइएको थियो ।

# डेढ महिनामै मूर्दावाद, रवि–बालेन किन यस्तो भयो ?



• राजन कार्की
rajan2012karki@yahoo.com

सडक, सदन र समाचारमा हेर्ने हो भने रास्वपा, सभापति रवि लामिछाने र बालेन्द्र सरकार असफल भइसक्यो । तर यो अर्धसत्य हो । विपक्षी र बिरोधीको त कामै यही हो । आफूलाई सफल देखाउने । सफल देखाउन र हुन नसकेकाले आएको परिवर्तन हो यो । यसकारण यो परिवर्तनलाई मन नपराउने भ्रष्ट, अपराधी, अनुशासनहीन, राजनीतिबाट लाभ लिनेहरु नाखुश छन् । नाखुशवालाहरूले सरकार र रास्वपालाई अमानवीय, अनुशासनहीन, परम्परा तोडेको, अनुहार नदेखाएको भनेर झ्याइँ झ्याइँ बिरोध गर्नु सामान्य घटना हो । बुझ्नुपर्ने कुरा के हो भने पूरा सत्य के हो ? पुरा सत्य बुझेपछि थाहा हुन्छ, रास्वपा के चाहन्छ, सरकार के गर्दैछ ?

प्रम बालेन्द्र साह ३५ वर्षका युवा हुन् । उनलाई जनताले विश्वास गरेकाले र जनतासँग रास्वपाले करार र बाचा समेत गरेकाले कम्तिमा सय दिन काम हेर्न प्रतिक्षा गर्नैपर्ने हो । विपक्षीहरूले डेढ महिनामै सरकारको झाँको झार्न थालेका छन् । किन ? प्रजातन्त्रमा विश्वास गर्नेहरूले हनिमून पिरियड पनि कुर्न नसक्ने ? यो त अति भएन र ? न त सरकारले आफूलाई प्रष्ट देखाएको छ, न त विपक्षीले प्रजातान्त्रिक नर्मस् पालना गरेका छन् । कमजोरी दुबैतिर छ । दुबैले संवाद, सहमति र सहकार्यका साथ देशको शान्ति, समृद्धि र जनचाहनाको परिपूर्ति गर्न अग्रसर हुन अब अबेर गर्न हुन्न । जो दागी छन्, दण्डभागी छन्, तिनले कानुनतः पाउने सजाय पाउनैपर्छ । छुट कसैलाई पनि हुनुहुन्न । यदि सरकारलाई अप्ठेरोमा पारेर विपक्षीहरूले आफूलाई चोखो देखाउन पानीमाथिको ओभानो हुने कार्यशैली अपनाएका हुन् भने यो क्षम्य विषय होइन । सरकारले पनि प्रजातन्त्रप्रति प्रतिवद्धता जनाउन, गरिमा र महिमा स्थापित गर्न पछि पर्नु शंकास्पद हुनेछ । शंका पक्ष विपक्षमा कत्ति पनि रहनु हुन्न ।

जनता हेरिरहेका छन्, जनता न्याय पर्खिरहेका छन् । न्याय दिने र कार्यान्वयन गर्ने, व्यवस्थापन मिलाउने वीच नै शक्ति सन्तुलन हुनसकेन भने संविधान, संविधानको मृत्यु, फेरि संविधानको खाका तैयार हुन लागेका बेलामा बिथोल्ने कार्य भयो भने स्थिर सरकारको अवस्थामा पनि अराजकता बढ्नसक्छ । इतिहासले सबैको मूल्याङ्कन गर्छ गर्छ । हेक्का रहोस् दुबै पक्षलाई ।

सडकमा विपक्षी र सुकुमवासी, अव्यवस्थित बसोबासी र न्याय माग गर्नेहरु एक भएर रास्वपा र सरकारविरूद्ध मूर्दावादको नारा लगाउन थालेका छन् । किन यस्तो भयो ? रवि र बालेनलाई सरकारको भारी सम्हाल्नै नसक्ने स्थितिको देखिदैछ । पेलेर लाने र जाने स्थिति छैन । सबैको सहयोगले अघि बढ्नुपर्छ, जनताले जुन अपेक्षा राखेका छन्, त्यो पुरा गर्न सकिन्न अन्यथा ।

हो, सय दिनमा गर्छु भनेका बाचापत्र छन्, जनतासँग गरेका करार पनि छन् । सरकारले गति लिनैपर्छ, काम गर्नैपर्छ । तर पार्टी अध्यक्ष रवि लामिछाने र प्रधानमन्त्री बालेन्द्र साहले लिएको तीव्र गतिमा दुर्घटना हुने खतरा देखिदैछ । लागूपदार्थ खाएर सातघुम्तीको बाटोमा ठूलो सवारी साधन अन्धाधुन्ध कुदाएजस्तो देखिदैछ रास्वपाको सरकार । कतै यो दुर्घटना भयो भने परिवर्तन भड्खालोमा पर्नेछ । रास्वपा र बालेन्द्र पनि उही कानै चिरिएका जोगी सावित हुनेछन् । बालेन्द्र नबोल्ने, रवि लामिछाने सरकारमाथि भएको आक्रमणको वीचबचाउ गर्दैमा थकित । संसदमा रास्वपाका सांसदसमेत असन्तुष्ट देखिदैछन् । यो मानसिक दबाबले रास्वपा छिन्नभिन्न नहोस् । जनताका लागि झिकिदे गाँड भन्दा थपिदे गाँड नबनोस् रास्वपा र बालेन्द्र सरकार ।

प्रधानमन्त्री बालेन्द्र शाहको जुन ढंगको ‘एटिच्युड’ छ, त्यसप्रतिको सडकमा र संसदमा बढ्दो आक्रोशले रास्वपा, प्रम बालेन्द्र र रविजीलाई डिफेन्सिभ बनाउँदै लगेको देखिन्छ । डिफेन्सिभ हुनु भनेको हरिहल्लै चलामाला हो । नतिजा केही आउने देखिदैन । नबोल्ने बालेन्द्र र सहकारी प्रकरणको भारीले थिचिएका रविका लागि सरकारको अप्रत्याशित निर्णयहरूले अप्ठेरो परिस्थिति विकसित हुनथालेको छ । जनताले खोजेका त अप्रत्यासित मूभ नै हो । सुशासन र भ्रष्टाचारमाथिको नियन्त्रण नै हो । विकास र अनुशासन नै हो । तर सरकारको काम गर्ने शैली काँचो काँचो देखिन्छ, जसले गर्दा समाज बिथोलिन थालेको छ । परिवर्तन त ल्याउने, समाजको आँखामा कसिंगर बनेर होइन । विश्लेषकहरु भन्छन्– आगामी दिन रास्वपा, सभापति रवि र प्रम बालेन्द्रका लागि झन झन चुनौतीपूर्ण हुने अनुमान बढेर गएका छन् ।

संसदलाई बाइपास गर्ने र राष्ट्रपतिलाई अपमानित गर्ने प्रधानमन्त्री बालेनको ‘ओभर स्पिड’ निश्चय नै ठेस लागेको अवस्था हो । प्रम बालेन्द्रले किन यसो गरे, परिवर्तन चाहिएको हो तर अनुशासनहीन देखिएर होइन । प्रम बालेन्द्रको तीब्र गतिले परम्परा तोडिएका छन् । प्रमका गति र व्यवहार अनपेक्षित बनेका छन् । प्रमको हस्याङफस्याङ दौडले पुराना दलहरु मात्र होइन, रास्वपाको अवस्था पनि छायाँमा पर्न थालेको छ । यो असामान्य राजनीतिक परिदृश्य हो । प्रम बालेन्द्र भ्रष्ट होइनन्, तर गर्न के चाहन्छन्, देखाउन के चाहन्छन्, स्पष्ट छैन । प्रतिपक्षीहरु सभापति र प्रमवीच फाटो आओस्, सरकार केही गर्न नसकोस् भन्ने नै हो । कांग्रेस, एमाले, माओवादीका शीर्ष नेताको सम्पत्ति छानबिन सुरू भएको छ, रेडकर्नर नोटिस जारी भएका छन् । त्यसलाई रोक्न र सर्वोच्चमा प्रधानन्यायाधीश हुन नपाएको झोकमा कामु सपना प्रधानमल्ल र पूर्व प्रम शुशीला कार्कीसमेत बालेन्द्र सरकारविरूद्ध मोर्चा खोलेर युद्धको मनस्थिति, व्यवहार देखाइरहेका छन् । आगामी दिन राजनीतिमा मात्र होइन, कार्यपालिका, न्यायपालिका, व्यवस्थापिकाभित्रै अनमेलका ठूला ठूला घटना हुनसक्ने अनुमान गर्न थालिएको छ । प्रमा बालेन्द्रको यो रिभोलुसनरी चरित्रप्रति देशभित्र र विदेशीले समेत विशेष चासो राखिरहेका छन् ।

३७ वर्षदेखि चलिआएको बहुदल र लोकतन्त्र खतरामा देखिन्छ । किनकि यसको डेन्टिङ पेन्टिङ होइन, ओभरहल गर्न सरकार लागेको आभाष आइसकेको छ । यसकारण पुराना दलहरूमा डर पसेको छ । उनीहरु संविधान र लोकतन्त्र खतरामा परेको भन्न थालेको छ । सरकारले संविधान बहसपत्र तैयार गर्दैछ । यसको विपरित प्रतिपक्षी दलहरु आफैले संविधान संशोधनका बुँदाहरूमा मतैक्यपत्र तैयार गर्दैछन् । यसको अर्थ देशमा संविधान छैन, प्रधानमन्त्री कार्यकारीको रूपमा प्रस्तुत भएका छन् । राष्ट्रपतिलाई कर्मकाण्डीका रूपमा हेर्छन्, व्यवहार गर्छन् । केही दिनमै अनहोनी राजनीतिक घटनाक्रम हेर्नुपर्ने हो कि ?

एमाले आफैमा चाउरिएको अवस्थामा छ । कांग्रेसभित्र देउवामाथि कारवाहीको नोटिस, सभापति गगन थापा पार्टी एकतावद्ध पार्न नसकेको अवस्था । माओवादी अर्थात नेकपाका अध्यक्ष प्रचण्ड एक्लै चिच्याइरहेका छन्– ठूला जनसमर्थन पाएर पनि भुइँमा न भाँडामा भएको पार्टीको अध्यक्ष म हुँ, रास्वपा सावधान । सानो पार्टी भए पनि हर्क साम्पाङ कर्कस स्वरमा सरकारको आलोचना गरिरहेका छन् । प्रधानमन्त्री नभएको सरकार हो यो ? भनेर उफ्रिरहेका छन् ।

विपक्षीहरूले रास्वपा हुन्जेल गर्नसक्ने विरोधका लागि बिरोधमात्र हो । तथापि उनीहरूले संसद अवरूद्ध पारेर सरकारलाई आफ्ना कुरा सुन्न र आफूलाई बुझाउन बाध्य पार्ने हरकत गरिरहेका छन् । प्रम बालेन्द्र छन् कि विपक्षीलाई भिजेको पराल गलाएझैं गलाइरहेका छन् ।

हरेक पार्टीभित्र बौद्धिक, नैतिक र बैचारिक क्रान्ति चाहिएको छ । हरेक सांसदमा नीति, नैतिकता र निष्ठा आवश्यक छ । प्रम बालेन्द्रको गति थामिएको छैन, सभापति रविको क्रान्तिकारी शैली कमजोर भएको छैन तर विपक्षीहरूको परम्परागत शैली उनीहरूका लागि ब्रेकर बनेको छ ।

रास्वपाका सभापति रवि लामिछानेमाथि लागेको दाग पखाल्नुछ । परिवर्तन ल्याउँछु ल्याउँछु भन्ने प्रम बालेन्द्रलाई आफ्नो सपथ पूरा गर्नुछ । झट्ट हेर्दा रास्वपाका लागि सत्ताको सवारी भालुको कन्पटजस्तो देखिन्छ । यथार्थमा रास्वपाले परिवर्तन गर्नैपर्छ, ल्याउनैपर्छ । अन्यथा हस्तिनापुरको राजबाट चपरीमुनीको बास हुनेछ ।



पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

- अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

# बालेन सरकार रास्वपाकै लागि घातक हुन सक्छ !

*गत फागुन २१ गते सम्पन्न भएको संघीय संसदको निर्वाचनमा झण्डै दुई तिहाई मत ल्याएको सत्ताधारी दल रास्वपाले आफ्नै सांसदहरूलाई विश्वास गर्न नसकेका कारण भट्टाभट्ट अध्यादेश ल्याएर अध्यादेशबाटै शासन चलाउने खेलमा लागेको छ। बैशाख १० गते सरकार आफैँले बोलाएको संसदको अधिवेशन एकाएक स्थगित गरेर करिब १० दिनको अन्तरालमा ८ वटा अध्यादेश ल्याएको छ भने संसदको नियमावली समेत परिमार्जन गरेर सम्पत्ति शुद्धीकरण मुद्दामा संलग्न रहेका सांसदहरू निलम्बन नहुने व्यवस्था समेत गरेको छ। रास्वपाका सभापति रवि लामिछाने सम्पत्ति शुद्धीकरण र संगठित अपराधमा संलग्न रहेका भन्दै विभिन्न अदालतमा मुद्दा चलिरहेको अवस्थामा उनैलाई हेरेर बहुमतको दम्भमा सहकारी ठगी सम्पत्ति शुद्धीकरण र संगठित अपराधमा रहेका सांसदहरू निलम्बन नहुने र सो विषयमा अदालतमा मुद्दा समेत चलाउन नपाउने नियमावली बनाइनुले संसदीय परम्पराको नै धज्जी उडाइएको छ।*

*विश्वमै संसदीय व्यवस्थालाई सबै भन्दा उत्कृष्ट व्यवस्था भनिने गरिएको भएपनि कतिपय मुलुकहरूमा बहुमतको आधारमा विपक्षी दलहरूलाई निषेध गर्ने र पार्टीगत स्वार्थ पूरा गर्नका लागि जनताले दिएको बहुमतको दुरुपयोग हुँदै आएको छ भने अहिले हामीकहाँ पनि त्यस्तै अवस्था आउन सक्ने सम्भावना बढेर गएको छ। बहुदलीय व्यवस्थामा राजनीतिक दलहरूले नै राज्य सञ्चालन गर्नेभए पनि विपक्षी दलहरूको भूमिका महत्वपूर्ण हुन्छ। सत्ताले गल्ती गरेको खण्डमा त्यसलाई सच्चाउने र सरकारलाई जनताको हित विपरितका कार्य गर्न बन्देज गर्ने मुख्य दायित्व विपक्षी दलहरूको भएपनि रास्वपा नेतृत्वको बालेन सरकारले विपक्षी दलहरूलाई पेलेरै लैजाने र बहुमतको दम्भमा संसदीय व्यवस्थाकै उपहास गर्न सक्ने सम्भावना समेत देखिएको छ।*

*आफैँले आह्वान गरेको संसदको अधिवेशन एकाएक स्थगित गर्नुको कारण के थियो ? सर्बोच्च अदालतमा प्रधानन्यायाधिश कसलाई नियुक्ति गर्न भन्नेमा रास्वपाभित्रै विवाद रहेको थियो। रास्वपाले विधि, विधान र परम्परा अनुसार नै सम्वैधानिक परिषद्बाट प्रधानन्यायाधिशको नाम सिफारिस गर्नु पर्ने भन्दै प्रेस विज्ञप्ति नै जारी गरेको भएपनि बालेन साह अध्यक्ष रहेको सम्वैधानिक परिषद्ले सायद नेपालको इतिहासमै पहिलो पटक होला वरिष्ठ कामु प्रधानन्यायाधिशसहितका तीन न्यायाधिशलाई छेडेर चौथो नम्वरमा रहेका न्यायाधिशलाई प्रधानन्यायाधिश बनाउन सिफारिस गरेको छ। बहुमतको दम्भमा त्यसो गरिएको भन्दै प्रधानमन्त्री साहको चौतर्फी आलोचना भएको छ। सम्वैधानिक परिषद्मा प्रधानमन्त्री अध्यक्ष रहने र सदस्यहरू प्रतिनिधिसभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, उपसभामुख र प्रतिनिधिसभाका प्रमुख विपक्षी दलका नेता सहित प्रधानन्यायाधिश सदस्य रहने व्यवस्था संविधानले गरेको छ। मुलुकका प्रमुख तीन अङ्ग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका रहेका हुनाले यिनै तीन अङ्ग मिलेर राज्य सञ्चालन गरेको खण्डमा एकले अर्कालाई विश्वास गर्ने वातावरण बन्ने र यी तीन अङ्ग बीचमा वैमन्स्यता उत्पन्न नहुने विश्वासमा यस्तो व्यवस्था गरिएको भएपनि यस पटक विगतको परम्परा तोडेर चौथो रोलक्रममा रहेका व्यक्तिलाई प्रधानन्यायाधिशको लागि सिफारिस गरिनुको अर्थ के ?*

*प्रधानमन्त्री बालेन साहले अध्यादेश ल्याएर एकै पटक विभिन्न निकायका पदाधिकारीहरूलाई हटाएको छ। एकै पटक झण्डै १६ सय व्यक्तिहरूलाई हटाएर विभिनन निकायहरमा निमित्तलाई काम चलाउने गरी अधिकार दिएको हुनाले राज्य सञ्चालन नै एक प्रकारले ठप्प भएको जस्तो देखिएको छ। विगतका सरकारहरूले नियुक्त गरेको व्यक्तिहरूलाई बालेन सरकारले राजिनामा दिन दवाव दिएको भएपनि सम्वैधानिक निकायका पदाधिकारीहरूले राजिनामा नदिएको हुनाले सरकार उनीहरूप्रति आक्रोशित मात्र बनेका छैनन् सम्वैधानिक परिषद्बाटै सम्वैधानिक निकायका प्रमुख र सदस्यहरूलाई एकै पटक पदमुक्त गराउन सक्ने बाटो खोजिरहेको छ। यसरी बालेन सरकारले सबै क्षेत्रमा असन्तुष्टिका लहर चलाएर एक्लै राज्यसत्ता कब्जा गर्न खोज्नु सरकार र रास्वपाकै लागि घातक सावित हुन सक्छ।*

*संविधानले दिएको अधिकार समेत सरकारले खोस्ने प्रयास गरेको भन्दै त्यसको चौतर्फी आलोचना भएपनि कार्यकारी प्रधानमन्त्री बालेन साहको भने आजसम्म जनताले थाहा पाउने र सुन्ने गरी बोली फुटेको छैन। जनताका समस्याहरू समाधान गर्ने थलोको रुपमा रहेको संसदमा समेत प्रधानमन्त्री बालेनको बोली नफुटेको र पहिलो पटक संसदमा वैठक बस्दा संसदबाटै जनताका नाममा दिइने सन्देश समेत प्रधानमन्त्री साहले नदिएका हुनाले र उनी नेतृत्वको सरकारले गरेका धेरै कामहरू विवादको घेरामा तानिएका हुनाले रास्वपाको नेतृत्वको बालेन सरकार रास्वपाकै लागि घाँडो सावित हुन सक्ने सम्भावना बढेको हामीले ठानेका छौं।*

# उपभोक्तामैत्री बजारका लागि मूल्य पारदर्शिता आवश्यक

**माधव तिमल्सिना**

मूल्य पारदर्शिताको अवधारणा र यसको महत्व : मूल्य पारदर्शिता भन्नाले केवल वस्तुमा मूल्य टाँस्नु मात्र होइन, त्यो मूल्य कसरी निर्धारण भयो, त्यसको लागत संरचना के हो, कर कति लागेको छ, बिचौलियाको मार्जिन कति छ भन्ने सम्पूर्ण जानकारी उपभोक्तालाई उपलब्ध गराउनु हो । जब उपभोक्ताले वस्तुको मूल्यबारे पूर्ण जानकारी पाउँछ, तब मात्र उनीहरु सचेत निर्णय लिन सक्षम हुन्छन् । यस अभियानबाट बजार पूर्ण रूपमा स्वच्छ, प्रतिस्पर्धी र उपभोक्तामैत्री बन्छ ।

नेपालका सन्दर्भमा मूल्य निर्धारण प्रक्रिया अझै पनि अपारदर्शी छ । उत्पादक, आयातकर्ता, थोक व्यापारी, खुद्रा व्यापारी–सबै तहमा मूल्य थपिँदै जाने भए पनि यसको स्पष्ट हिसाब सार्वजनिक हुँदैन । यसले उपभोक्तालाई भ्रममा पार्ने मात्र होइन, बजारमा कृत्रिम मूल्यवृद्धि गर्ने अवसर पनि सिर्जना गर्छ । त्यसलाई पूर्ण नियन्त्रण नियमन गर्न अनिवार्य मूल्यसूचि अधिकतम खुद्रा मूल्य स्पष्ट र ठुला अक्षरमा आमउपभोक्ताले देख्ने गरी टाँसिनु आवश्यक छ ।

पारदर्शिता हुँदा उपभोक्ताले सस्तो र गुणस्तरीय वस्तु छनोट गर्न सक्छन्, जसले बजारमा प्रतिस्पर्धा बढाउँछ । प्रतिस्पर्धा बढ्दा व्यापारीलाई पनि मूल्य घटाउन र सेवामा सुधार ल्याउन बाध्य बनाउँछ । यसरी मूल्य पारदर्शिता केवल उपभोक्ता हित मात्र होइन, सम्पूर्ण आर्थिक प्रणालीको स्वास्थ्यसँग जोडिएको विषय हो । त्यसैले, मूल्य पारदर्शिता अभियान केवल साप्ताहिकभन्दा पनि नियमित प्रभावकारी पारदर्शी रूपमा वस्तु र सेवा बजारमा अनिवार्य गर्न आवश्यक छ ।

**नेपालको बजार, संरचनात्मक समस्या र यथार्थ**

नेपालको बजारमा देखिएका समस्या सतही होइनन्, यी गहिरा संरचनात्मक कमजोरीका परिणाम हुन् । विगतदेखि नै नीतिगत कमजोरी भएका नियम कानुनको सशक्त कार्यान्वयनको अभावको फाइदा उठाएर बजारमा अराजकता बढ्दै गएको छ । यसलाई नियन्त्रण गर्न ऐन कानुन समयसापेक्ष रूपमा परिमार्जन र दृढ कार्यान्वयनको खाँचो देखिन्छ ।

(क) **मूल्यमा असमानता** : एउटै ब्रान्डका सामान काठमाडौं, पोखरा र दुर्गम जिल्लामा फरक-फरक मूल्यमा बिक्री हुनु स्वाभाविक भए पनि कहिलेकाहीँ त्यो अन्तर असामान्य रूपमा बढी हुन्छ । यातायात लागतभन्दा धेरै फरक हुनु भनेको बजारमा कृत्रिम मूल्य निर्धारण भएको संकेत हो । कतिपय अवस्थामा व्यापारीले ग्राहकको आर्थिक अवस्थाअनुसार पनि मूल्य फरक राख्ने गरेको पाइन्छ । उपभोक्ताको अनुहार हेरेर वस्तु र सेवाको मूल्य तोक्ने परिपाटी अन्त्य गर्न र बजारमा विधिको शासनको अनुभूति गराउन मूल्य पारदर्शिता नीति जारी गर्दै मूल्य नियमन, विश्लेषण र निर्धारण गर्ने स्थायी संयन्त्रमार्फत प्रभावकारी कार्यान्वयन गर्न आवश्यक छ ।

(ख) **आपूर्ति शृंखलामा अपारदर्शिता** : नेपालमा उत्पादनदेखि बिक्रीसम्मका सम्पूर्ण आपूर्ति शृंखला ट्र्याक गर्न सकिने प्रणाली छैन । फलस्वरूप, कहाँ कति लागत थपियो, कहाँ कति तहमार्फत बजार सञ्चालन भइरहेको छ भन्ने स्पष्ट हुँदैन । यसले अनावश्यक बिचौलियालाई फाइदा पुग्छ र उपभोक्ताले महँगो मूल्य तिर्नुपर्छ । त्यसको निवारणका लागि उत्पादक र उपभोक्तालाई न्यायोचित मूल्य दिलाउन बजारको तह तत्काल तोक्न आवश्यक छ ।

(ग) **अनौपचारिक अर्थतन्त्रको प्रभाव** : नेपालको ठुलो व्यापारिक हिस्सा कर प्रणालीभन्दा बाहिरै छ । यस्तो अनौपचारिक कारोबारले सरकारलाई राजस्वमा घाटा पुऱ्याउने मात्र होइन, यसले बजारमा अस्वस्थ प्रतिस्पर्धा पनि सिर्जना गर्छ । इमानदार व्यापारी पनि प्रतिस्पर्धामा टिक्न कठिन हुन्छ ।

(घ) **उपभोक्ता सचेतनाको कमी** : धेरै उपभोक्तामा अझै पनि बिल नलिने, मूल्य नसोध्ने वा ठगी भए पनि उजुरी नगर्ने प्रवृत्ति देखिन्छ । जबसम्म उपभोक्ता सक्रिय हुँदैनन्, तबसम्म पारदर्शिता पूर्ण रूपमा स्थापित हुन सक्दैन । त्यसैले, उपभोक्ता सचेत र सक्रिय हुनुपर्छ । यसले मात्र व्यवसायीलाई इमानदार र सरकारलाई जिम्मेवार बनाउन मद्दत गर्छ ।

**किन प्रभावकारी छैन अनुगमन प्रणाली** : नेपालमा अनुगमन संयन्त्र भए पनि यसको प्रभावकारिता सीमित छ । स्थायी संयन्त्रमार्फत चुस्त, प्रभावकारी, पारदर्शी, नियमित अनुगमन हुन सकेको छैन । जसका लागि संविधानको मर्मअनुरूप तीनै तहका सरकार सबै संघीय सरकारी निकाय (वस्तु र सेवासँग सम्बन्धित) लाई एकीकृत गरी ३६५ दिन २४ सै घण्टा अनुगमन गर्ने संयन्त्र आवश्यक छ ।

(१) **अनियमित र प्रतिक्रियात्मक अनुगमन** : अधिकांश अनुगमन 'समस्या' आएपछि मात्र गरिन्छ । नियमित र योजनाबद्ध अनुगमनको अभाव छ । यसले व्यापारीलाई नियम उल्लंघन गर्न प्रोत्साहित गर्छ, किनकि उनीहरूलाई थाहा हुन्छ कि अनुगमन सधैँ हुँदैन । दण्ड र पुरस्कारमार्फत बजार स्वच्छ बनाउन सकिन्छ । यसका लागि समन्वयात्मक रूपमा राज्यका सबै नियकाय सबल र सक्षम हुन आवश्यक छ ।

(२) **दण्डको कमजोर कार्यान्वयन** : कानुनमा जरिवाना र सजायको व्यवस्था भए पनि व्यवहारमा ती कडाइका साथ लागू हुँदैनन् । धेरैजसो केसमा सामान्य चेतावनीमै सीमित गरिन्छ, जसले बजारमा दीर्घकालीन सुधार ल्याउँदैन ।

(३) **संस्थागत कमजोरी** : अनुगमन गर्ने निकायमा जनशक्ति, बजेट, प्रविधि र प्राविधिक जनशक्तिको चरम अभाव छ । एकै समयमा धेरै बजार क्षेत्रमा अनुगमन गर्न सक्ने क्षमता कमजोर छ । क्षेत्रगत रूपमा आवश्यकताअनुसार स्रोत, साधन र जनशक्तिको पूर्ण व्यवस्थापनबाट मात्र नीतिगत व्यवस्थालाई सफल कार्यान्वयन गर्न सकिन्छ ।

(४) **राजनीतिक र प्रशासनिक हस्तक्षेप** : कतिपय अवस्थामा प्रभावशाली व्यापारीलाई कारबाहीबाट जोगाइन्छ । यसले कानुनी शासनमाथि प्रश्न उठाउँछ । राजनीतिक र उच्च प्रशासनिक क्षेत्रबाट बजार अनुगमन र दोषी देखिएकाहरूमाथि गरिने कारबाहीमा अवरोध हुने गरेको छ ।

**मूल्य नियन्त्रणको मूल विन्दु भन्सार नाका** : नेपालमा मूल्य निर्धारणको आधार धेरै हदसम्म आयात मूल्यमा निर्भर हुन्छ । त्यसैले, भन्सारमा हुने गतिविधि अत्यन्त महत्वपूर्ण हुन्छ । भन्सारमै अनिवार्य रूपमा 'एमआरपी' कायम गर्न आवश्यक छ ।

(क) **अन्डर–इनभ्वाइसिङ र ओभर–इनभ्वाइसिङ** : व्यापारीहरूले कर घटाउन कम मूल्य देखाउने वा पैसा बाहिर पठाउन बढी मूल्य देखाउने प्रवृत्ति देखिन्छ । यसले बजार मूल्यमा प्रत्यक्ष असर पार्छ । भन्सारलाई पूर्ण पारदर्शी बनाई जाँचपासलाई अत्याधुनिक 'डिजिटाइजेसन'मार्फत अन्डर-इनभ्वाइसिङ र ओभर-इनभ्वाइसिङ नियन्त्रण आवश्यक छ ।

(ख) **अवैध आयात र खुला सीमा** : भारतसँगको खुला सीमाका कारण धेरै वस्तु अनौपचारिक रूपमा भित्रिन्छन् । यस्ता वस्तु सस्तो देखिए पनि यिनले दीर्घकालीन रूपमा बजारलाई अस्थिर बनाउँछन् ।

(ग) **भ्रष्टाचार र ढिलाइ** : भन्सारमा हुने ढिलासुस्ती र अनियमितताले लागत बढाउँछ, जुन अन्ततः उपभोक्तामाथि नै थोपरिन्छ ।

(घ) **डिजिटल प्रणालीको खाँचो** : भन्सारलाई पूर्ण रूपमा डिजिटल र पारदर्शी बनाइयो भने प्रत्येक वस्तुको वास्तविक मूल्य ट्र्याक गर्न सकिन्छ, जसले बजारमा मूल्य नियन्त्रण गर्न मद्दत गर्छ । अस्वाभाविक कृत्रिम मूल्यवृद्धि नियन्त्रण गर्न सहयोग पुग्छ ।

**प्रविधिको प्रयोग, पारदर्शिताको आधार** : प्रविधिको उपयोगले बजारमा क्रान्तिकारी परिवर्तन ल्याउन सक्छ ।

**रियल–टाइम मूल्य प्लाटफर्म** : यसबाट उपभोक्ताले मोबाइलबाटै विभिन्न पसलका मूल्य तुलना गर्न सक्छन् ।

**डिजिटल बिलिङ प्रणाली** : यस्तो प्रणाली कर छली रोक्न अत्यन्त प्रभावकारी हुन सक्छ ।

**डेटा एनालिटिक्स** : असामान्य मूल्यवृद्धि पहिचान गर्न 'डेटा एनालिटिक्स'को खाँचो पर्छ ।

**ब्लकचेन प्रविधि** : आपूर्ति शृंखलालाई पारदर्शी बनाउन यो प्रविधिको उपयोग गरिनुपर्छ । यस्ता विधि र प्रविधि प्रभावकारी रूपमा लागू गरिए भने बजारमा पारदर्शिता स्वतः बढ्छ ।

**अन्तर्राष्ट्रिय अभ्यास** : अन्य देशले मूल्य पारदर्शिता कसरी कायम गरेका छन् भन्ने बुझ्नु नेपालका लागि उपयोगी साबित हुन सक्छ ।

**सिंगापुर** : सिंगापुरले कडा कानुन, तुरून्त कारबाही र उच्च पारदर्शितालाई अपनाएको छ ।

दक्षिण कोरिया : दक्षिण कोरियाले डिजिटल मूल्य तुलना प्रणालीलाई लागू गरेको छ ।

**भारत** : एमआरपी प्रणालीले उपभोक्तालाई अधिकतम मूल्यको सुरक्षा गरेको छ ।

**इयू देशहरू** : उपभोक्ता अधिकारलाई संवैधानिकस्तरमा संरक्षण गरिएको छ ।

**जापान** : नैतिकता र अनुशासनमा आधारित बजार प्रणाली कायम छ । नेपालले यी अभ्यासलाई आफ्नो सन्दर्भअनुसार अनुकूलन गर्न सक्छ ।

**दीर्घकालीन रणनीति**

(क) **कानुनी सुधार** : पुराना ऐन, कानुनलाई आधुनिक बनाउँदै कडा दण्ड व्यवस्था लागू गर्नुपर्छ ।

(ख) **संस्थागत क्षमता विकास** : अनुगमनकारी निकायलाई पर्याप्त स्रोत, साधन, जनशक्ति र प्रविधि उपलब्ध गराउनुपर्छ ।

(ग) **डिजिटल रूपान्तरण** : भन्सारदेखि खुद्रा बजारसम्म सबै प्रक्रिया डिजिटल बनाउनुपर्छ ।

(घ) **सार्वजनिक–निजी सहकार्य** : बजारलाई अनुशासित बनाउन सरकार र निजी क्षेत्रबिच विश्वास र सहकार्य आवश्यक छ ।

(ङ) **उपभोक्ता शिक्षा** : विद्यालयस्तरदेखि नै उपभोक्ता अधिकारबारे प्रर्याप्त र प्रभावकारी शिक्षा दिनुपर्छ ।

**मूल्य पारदर्शिता सप्ताहलाई प्रभावकारी बनाउने उपाय** : केवल कार्यक्रम होइन, मापनयोग्य लक्ष्य तय गर्नुपर्छ । दैनिक अनुगमन 'रिपोर्ट' सार्वजनिक गर्नुपर्छ । 'हेल्पलाइन' र गुनासो प्रणाली सक्रिय बनाउनुपर्छ । मिडिया र सामाजिक सञ्जालको प्रयोग बढाउनुपर्छ । स्थानीय तहलाई जिम्मेवार बनाउनुपर्छ ।

**निजी क्षेत्र र उपभोक्ताको संयुक्त भूमिका**

**निजी क्षेत्र** : स्वनियमन प्रणाली अपनाउनुपर्छ । पारदर्शी बिलिङलाई अनिवार्य गर्नुपर्छ । ग्राहकलाई सम्मानजनक सेवा दिनुपर्छ ।

**उपभोक्ता** : सामान खरिद गरेपछि अनिवार्य रूपमा बिल माग्नुपर्छ । त्यस्तो बिललाई सुरक्षित राख्नुपर्छ । फरक-फरक पसल या स्थानको मूल्यबिच तुलना गर्नुपर्छ । ठगी भएको पाइएमा सम्बन्धित निकायमा उजुरी गर्नुपर्छ । सचेत र जिम्मेवार नागरिक बन्नुपर्छ ।

**परिवर्तनको निर्णायक क्षण** : नेपालमा मूल्य पारदर्शिता स्थापित गर्नु कुनै असम्भव लक्ष्य होइन, तर यसका लागि दीर्घकालीन प्रतिबद्धता आवश्यक छ । 'मूल्य पारदर्शिता सप्ताह'ले एउटा सकारात्मक सन्देश दिएको छ, तर अब यसलाई व्यवहारमा उतार्ने समय आएको छ । सरकार, निजी क्षेत्र र उपभोक्ता तीनै पक्षले आ–आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निभाउने हो भने नेपालमा पारदर्शी, निष्पक्ष र सुदृढ बजार प्रणाली स्थापना हुन सक्छ । अब समय नाराबाट अघि बढेर कार्यान्वयनतर्फ जानु जरूरी छ, किनकि पारदर्शिता केवल विकल्प होइन, आवश्यकता हो । - *नयाँ पत्रिका*

# क्षत–विक्षत पुराना दलहरू

**चन्द्रकिशोर**

'पुराना दलहरु अचानक कसरी थला परे ? यत्रो लाभार्थी सञ्जाल, त्यत्रो चुरीफुरी, वडासम्मको पहुँच-प्रभाव हुँदाहुँदै पनि किन यति निरीह देखिए ?' भदौरे चट्याङपछि नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रजस्ता पुराना दलको अवस्थाबारे यस्ता प्रश्न उठिरहेका छन् । तर, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले चुनावी धक्का दिनुभन्दा धेरै अघिदेखि यी दलहरु भित्रभित्रै मक्किइसकेका थिए । तिनीहरु अचानक शरशय्यामा पुऱ्याएका होइनन् । आफैं त्यहाँसम्म हिँडेर पुगेका हुन् । पहिले यिनीहरूका वैचारिक बेचैनीमा म थियो । त्यसपछि संगठनात्मक जीवन्तता अनि कार्यकर्ताको आत्मविश्वास । दलहरु बाँकी रहे तर अस्थिपञ्जरझैं । अन्ततः यिनीहरूमाथि जनताले आशा पनि गुमाए ।

गत भदौ २३ सम्म यी दलहरु नै अनिवार्य राजनीतिक शक्ति मानिन्थ्यो । देशैभर झन्डा फरफराइरहेको थियो, शीर्ष नेतृत्वका दिव्यवाणीप्रति भक्तिभाव प्रदर्शन गर्ने झुन्ड थिए, प्रतिकारका दस्ताहरु थिए, प्रवक्ताहरु गफ चुटिरहेका थिए । तर, मसिनोसँग नियाल्दा दलहरूभित्रको प्राणतत्व क्षीण हुँदै गएको देखिन्थ्यो । यी दलहरु र तिनका दलपतिहरूले स्वयंलाई इतिहासको स्वाभाविक केन्द्र ठान्न थालेका थिए । सत्ता आफ्नो अधिकार हो, जनता स्थायी आधार । र, संगठन अभेद्य पर्खाल । उनीहरूको मनोविज्ञान यही थियो । नागरिक र राज्यबीच पार्टी स्थायी मध्यस्थ बनिसकेको थियो । राज्यका लगभग सबै अंगमा दलगत अनुहारकै आधारमा पहुँच र पहिचान तय हुन्थ्यो ।

यराज्यमा प्रभुत्व बढ्दै जाँदा मालिक फेरिए तर ग्राहक उही रहे । काउन्टर उही रह्यो, केवल साइनबोर्ड फेरियो । लाभजीवी कार्यकर्ता एक दलबाट अर्को दलमा, एक गुटबाट अर्को गुटमा टाँसिँदै गए । त्यसले सिंगो राजनीतिक वृत्तलाई भुइँ तहसम्मै प्रदुषित र दुर्गन्धित बनायो । यो स्थिति दलगत सत्ता-संरचनाको संक्षिप्त समाजशास्त्र हो ।२०४६ पछि परिस्थिति यस्तो बन्यो कि आममान्छे संरक्षणका लागि दलको ओत लाग्न विवश भए । कांग्रेसपछि एमाले, त्यसपछि माओवादी- स्परंग फेरिँदै सबैले 'फ्रेंचाइज राजनीति' लाई विस्तार गरे । फ्रेंचाइज राजनीति भनेको यस्तो राजनीतिक संरचना हो, यहाँ विचार, नीति र जनउत्तरदायित्वभन्दा बढी दलगत ब्रान्ड, पहुँच, संरक्षण र लाभको सञ्जाल स्थानीय तहसम्मै विस्तार गरिन्छ । राज्यमा प्रभुत्व बढ्दै जाँदा मालिक फेरिए तर ग्राहक उही रहे, काउन्टर उही रह्यो, केवल साइनबोर्ड फेरियो । लाभजीवी कार्यकर्ता एक दलबाट अर्को दलमा, एक गुटबाट अर्को गुटमा टाँसिँदै गए । त्यसले सिंगो राजनीतिक वृत्तलाई भुइँ तहसम्मै प्रदुषित र दुर्गन्धित बनायो । यो स्थिति दलगत सत्ता-संरचनाको संक्षिप्त समाजशास्त्र हो । पतनको बीउ यहीँ रोपिएको थियो ।

यी पुराना दलहरु नेपाली जनसंघर्षका प्रतीक थिए । यो विषय आजको सत्तारूढ दलले पनि स्वीकार गर्छ । तर, आन्दोलनबाट जन्मिएका राजनीतिक शक्ति बिस्तारै व्यवस्थापकमा रुपान्तरित भए । विचारधाराको ठाउँ पहुँचले लियो, संघर्षको ठाउँ सुविधाले, संवादको ठाउँ उर्दीले र राजनीतिक प्रशिक्षणको ठाउँ अवसरवादले । कार्यकर्ता 'कारण' का लागि होइन, 'कनेक्सन' का लागि जोडिन थाले । संगठन बाहिरबाट तन्दुरुस्त देखिए पनि भित्रभित्रै कुहिँदै गइरहेको थियो ।

लामो समयसम्म सत्तामा रहँदा यी दलहरु अवसर, सुरक्षा, पहुँच, संरक्षण र लाभको नेटवर्कमा परिणत भए । कार्यकर्तालाई सत्ता-समीपताले 'फेविकोल' को काम गर्छ । तर, चुनावी पराजयपछि संरक्षणतन्त्र कमजोर हुन्छ । संरक्षणको प्रत्याभूति हराएपछि आत्मविश्वास डगमगाउन थाल्छ । त्यसैले हिजोसम्म आफ्ना नेता र दलको आक्रामक बचाउ गर्नेहरु आज मौन वा तटस्थ छन् ।

प्रसिद्ध सामाजिक चिन्तक अल्बर्ट ओ हिर्समनको 'एक्जिट, भ्वाइस एन्ड लोयालिटी' सिद्धान्तअनुसार, संकटका बेला कार्यकर्तासामु तीन बाटा हुन्छन्- भ्वाइस (खुलेर पक्ष लिनु), लोयालिटी (मौन रहेर सँगै बस्नु) र एक्जिट (बिस्तारै दूरी बनाउनु) । जब कार्यकर्तालाई 'नेतृत्वले अब संरक्षण गर्न सक्दैन' भन्ने लाग्न थाल्छ तब 'भ्वाइस' कम हुँदै जान्छ र 'एक्जिट' बाक्लिन थाल्छ । जो कार्यकर्ता हिजोसम्म टेलिभिजन डिबेट, सामाजिक सञ्जाल र सडक-चौतारीमा जुध्न तयार थिए, तिनै आज मौन र शिथिल छन् ।

राजनीतिको निर्मम सत्य के हो भने प्रत्येक उदाउँदो सत्ता आफ्ना पूर्ववर्तीलाई अप्रासंगिक बनाउन चाहन्छ । नयाँ शक्तिलाई थाहा हुन्छ- यदि पुराना दलहरूले संसाधन, नैतिक प्रभाव र मनोवैज्ञानिक उपस्थिति जोगाइरहे भने पुनरुत्थान सम्भव छ । त्यसैले तिनलाई अभाव, दबाब र प्रभावको चक्रव्यूहमा राख्ने रणनीति बनाइन्छ । पुराना दलहरूको ऐतिहासिक योगदानलाई ओझेलमा पार्दै केवल विफलताको आख्यान दोहोऱ्याइन्छ । नेताहरूलाई 'कालरात्रिका अवशेष' का रूपमा चित्रित गरिन्छ । यो मूलतः वैधता र स्मृतिमाथिको संघर्ष हो । यो गरेर नै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले बाजी मारेको छ ।

समकालीन राजनीतिमा विपक्षलाई हराउने सबैभन्दा प्रभावकारी तरिका उसलाई बाहिरबाट होइन, भित्रबाट अस्थिर बनाउनु हो । त्यसैले पुराना दलहरूमा देखिने गृहकलह कहिलेकाहीँ केवल स्वाभाविक सत्ता संघर्ष हुँदैन । त्यो व्यापक रणनीतिको हिस्सा पनि हुन सक्छ, जहाँ सत्तारूढ शक्ति प्रतिद्वन्द्वी दललाई भित्रबाटै अस्थिर, विभाजित र मनोवैज्ञानिक रूपमा निर्बल बनाइराख्ने प्रयास गर्छ । लोकतन्त्रमा प्रतिद्वन्द्वी दललाई चुनावमा हराउनु मात्रै पर्याप्त हुँदैन । यदि पुरानो दल संगठनात्मक, वैचारिक वा भावनात्मक रूपमा जीवित रहिरह्यो भने त्यसले फेरि पुनरुत्थान गर्न सक्छ । त्यसैले ती संस्थाहरूलाई कमजोर बनाइन्छ, जसले पुनर्जीवन दिन सक्छन् । ट्रेड युनियन, विद्यार्थी संगठनहरु खारेजी गर्ने, सुकुमवासी बस्तीमा डोजर चलाउने जस्ता सरकारी उपक्रम यस्तै सोच र रणनीतिको परिणाम हो ।

अहिलेको नयाँ सत्ताले भरमग्दुर कोसिस गर्छ, गरिरहेको छ कि पुराना दलहरु 'संगठन' नरहेर गुटहरूको 'जमात' बनोस् । पुराना दलहरूभित्रको नेतृत्व विवाद, पिँढीगत संघर्ष, वैचारिक अस्पष्टता, पद बाँडफाँट विवाद वा सार्वजनिक आरोप-प्रत्यारोपलाई अझ बढाइचढाइ प्रस्तुत गरिन्छ । यद्यपि प्रत्येक गृहकलह कृत्रिम नै हुन्छ भन्ने होइन ।

मिशेल फूको सत्ता, ज्ञान, निगरानी र संस्थागत नियन्त्रणका सम्बन्धबारे गहिरो अध्ययन गर्ने फ्रान्सेली सामाजिक चिन्तक थिए । तिनका अनुसार, सत्ता केवल दमनकारी हुँदैन । उसले सम्बन्ध र व्यवहार पनि 'निर्माण' गर्छ । अधिनायक सत्ता प्रतिद्वन्द्वीलाई सधैं जेलमा हालेर डराउँदैन । केहीलाई थुनछेक पनि गर्छ । उसले पुराना दलहरूमा अविश्वास र असुरक्षाको वातावरण सिर्जना गर्छ । बाहिरबाट एउटै संरचना जस्तो देखिने दलभित्र गुट-गुटबीच, शंका-उपशंका फैलिन थाल्छ । अहिलेको 'पर्सेप्सन म्यानेजमेन्ट' अत्यन्त महत्वपूर्ण बनेको छ । मिडिया आख्यान, चुहिएका सूचनाहरु, चयनात्मक अनुसन्धान र सामाजिक सञ्जालको प्रवर्द्धनमार्फत यस्तो वातावरण बनाइन्छ कि विपक्षी दलहरु टुक्रिँदै छन्, तिनका नेता सकिइसके र पुराना दलहरु अब इतिहास हुन् ।

जुन नेतागणलाई हिजोसम्म 'मेरुदण्ड' मानिन्थ्यो, अचानक ती अनिवार्य परित्यागका पात्र ठहऱ्याइन्छन् । यस्तो पनि देखिन थालेको छ- पुराना दलहरु स्वयं 'स्वाभाविक गृहकलह' मा अल्झिएको भन्ने भ्रममा छन् । जबकि तिनीहरु एक दबाबतन्त्रभित्र काम गरिरहेका छन् । बिस्तारै दलको ऊर्जा जनताका प्रश्नहरूबाट टाढिँदै आन्तरिक विवादमा खर्चिन थालेको छ । फलस्वरूप पुराना दलले जनताका लागि विकल्प होइन, बरू 'समस्याग्रस्त संस्था' को छवि बनाउँदै छ । यतिखेरको प्रतिस्पर्धा सिद्धान्त, संगठन वा समर्पित कार्यकर्ताको नभई 'नैरेटिव कन्ट्रोल' को लडाइँ हो । यहाँ यसैको बलबुतामा पुराना दलहरूलाई 'अप्रासंगिक' सिद्ध गर्ने सारा खेल चलिरहेको छ । यस्तो वातावरणमा पुराना दलहरु रक्षात्मक बनेका छन् । तिनका नेतृत्व पंक्ति आक्रामक राजनीतिको ठाउँमा सफाइ दिन व्यस्त छन् । कार्यकर्ता प्रतिवाद गर्नुको सट्टा मौन बस्न थालेका छन् । हिजोसम्म जो कार्यकर्ता हरेक मञ्चमा नेतृत्व र दलको पक्षमा निर्भीक बोल्दै थिए, तिनीहरु आज डराएका छन् । यो केवल भय होइन, यो मनोवैज्ञानिक पराजय हो । उनीहरूलाई लाग्न थालेको छ- इतिहासको दिशा फेरिइसकेको छ । र, आफूहरु पराजित समयका प्रतिनिधि बनेका छन् । यही मनोदशाबाट कतिपयमा रास्वपातर्फ आकर्षक बढिरहेको छ । पालिका-प्रदेशको चुनाव घोषणा भएपछि पुराना दलहरूमा भागदौड मच्चिन सक्छ । यहींबाट 'क्षत-विक्षत दल' को नियति सुरु हुन्छ । तर, एउटा विषय स्पष्ट हुनुपर्छ, क्षत-विक्षत दल भनेको चुनाव हार्ने दल मात्रै होइन । लोकतन्त्रमा हार सामान्य हो । वास्तविक संकट त्यहाँ सुरु भयो, जब दलले आफ्नो हारको वैचारिक अर्थ बुझ्ने क्षमता गुमाउँछ, आत्मसमीक्षालाई अनावश्यक ठान्छ, जनताको क्रन्दन सुन्नुको सट्टा षड्यन्त्र खोज्दै हिँड्छ, पार्टीभित्र प्रश्न गर्नेहरूलाई शत्रु ठान्छ । त्यसपछि दल जीवित संस्था होइन, राजनीतिक अवशेष बन्छ ।

यद्यपि प्रत्येक क्षत-विक्षत दल समाप्त नै हुन्छन् भन्ने छैन । कतिपय दल फर्किन्छन्- अझ विनम्र, अझ वैचारिक र अझ संगठित भएर । तर, यसका लागि आफ्नै मिथक भत्काउनुपर्छ । तिनले यो स्वीकार गर्नुपर्छ- जनताले केवल इतिहासका आधारमा कुनै दलविशेषलाई अनन्तकालसम्म वैधता दिइरहँदैनन् । लोकतन्त्रमा जनता अन्ततः जीवित ऊर्जाको पक्षमा उभिन्छन् । त्यसैले पुराना दलहरूको सबैभन्दा ठूलो संकट संसद्मा कति सिट गुमाए भन्ने होइन, बरू आफ्नो आत्मा गुमाए कि गुमाएनन् भन्ने हो । किनकि कुनै दल बाहिरबाट भत्किन थालेको देखिनुअघि ऊ भित्रैबाट मक्किसकेको हुन्छ ।

दलहरूमा 'भित्रैदेखि मक्किनु' अनेक रूपमा प्रकट हुन्छ- कार्यकर्ता केवल लाभका लागि टिकिरहनु, नेतृत्वमाथि देखावटी विश्वास हुनु, विचारधाराको ठाउँमा व्यक्तिपूजा स्थापित हुनु, आन्तरिक संवाद कमजोर हुनु, असहमतिलाई किनारामा पुऱ्याइनु, जनतासँग भावनात्मक दूरी बढ्दै जानु र पार्टीको संघर्षशील चरित्र समाप्त हुनु । तर, जबसम्म सत्ता, स्रोत, भय र चुनावी सफलता कायम रहन्छ तबसम्म पार्टी संरचनामा रहेका प्वालहरु देखिँदैनन् । सबै विषय 'सामान्य' लागिरहन्छ । मानिसहरु मजबुरी, अवसर वा उम्मिदसँग साथ रहिरहन्छन् । जुन पार्टीले आफूलाई सत्ताको अजेय अंशियार मान्न थाल्छ, उसले आफूभित्र कृत्रिम स्थायित्व विकसित गरिहाल्छ । उसलाई लाग्छ, जनताको समर्थन स्थायी हो, कार्यकर्ता स्वाभाविक रूपले बफादार छ र सत्ता उसका प्राकृतिक अधिकार । यहींबाट पतन टुसाउँछ ।

पुराना दलहरु केवल बाह्य शक्ति देखिरहेका छन्- भित्रको 'सडान्ध' होइन । राजनीतिमा सबैभन्दा खतरनाक क्षण पराजयको हुँदैन । बरू त्यो समय हुन्छ, जब कुनै दलले आफूलाई 'अपरिहार्य' ठान्न थाल्छ । किनकि यहींबाट आत्मसमीक्षा समाप्त हुन थाल्छ । फेरि कुनै चट्याङ, कुनै चुनावी हार, भ्रष्टाचारको खुलासा, नेतृत्व संकट वा स्थायी सत्ताको व्यूहरचनाले भित्रको सडान्ध एकाएक उजागर गरिदिन्छ । अनि लाग्छ, यत्रो दल एउटै झट्कामा कसरी थला पऱ्यो ?

यतिखेर भ्रष्टाचारको आख्यान, अतीतका विफलताहरूको पुनरावृत्ति, 'पुराना भर्सेज नयाँ' को विमर्श र भयको चाबुकको उपयोग गर्दै नयाँ सत्ता एक नयाँ अभिजन वर्ग निर्माण गर्न व्यस्त देखिन्छ । राजनीतिमा अभिजन (एलिट) स्थायी हुँदैनन् । उदाउँदो नव अभिजनले पुराना अभिजनलाई बिस्तारै बिस्तारै शक्ति, स्रोत, प्रतिष्ठा र संस्थागत पहुँचबाट विस्थापित गर्दै जान्छ । संसद् स्थगन गरेर अध्यादेशमार्फत शासन गर्ने प्रवृत्तिलाई यही सन्दर्भमा हेर्न सकिन्छ । नेपालको 'स्थायी सत्ता' ले धेरै पटक कमजोर राजनीतिक दललाई आफ्नो अनुकूल मान्ने गरेको देखिन्छ । यस्तो अवस्थामा निर्वाचित राजनीतिभन्दा 'अनिर्वाचित शक्ति' प्रभावशाली बन्न थाल्छ । पुराना दलहरु कमजोर हुँदा तत्काल असर 'राजनीतिक मध्यस्थता' माथि पर्छ ।

लोकतन्त्रमा दल केवल चुनाव लड्ने मेसिन होइन, ती राज्य र नागरिकबीचका पुल हुन् । यी दलहरु कमजोर भएपछि जनता प्रत्यक्ष रूपमा संस्थाभन्दा व्यक्तित्व, भीड वा आकस्मिक उग्रतामाथि निर्भर हुन थाल्छन् । संघीय लोकतान्त्रिक गणतन्त्र विशेषतः बलियो राजनीतिक दलमाथि टिकेको व्यवस्था हो ।

केवल एउटै दल वटवृक्ष जस्तै रहे भने संघीय संरचना समन्वयभन्दा अविश्वासको अखडा बन्न सक्छ । त्यसपछि अर्को प्रक्रिया सुरु हुन सक्छ 'राजनीतिक शून्य' । पुराना दल कमजोर बन्दै जान्छन् तर नयाँ दलहरु अझै संस्थागत भइसकेका हुँदैनन् । तब राज्यभित्रका गैरनिर्वाचित शक्ति केन्द्रहरु सक्रिय बन्छन् । उनीहरूले स्थिरता, राष्ट्र हित, सुशासन वा अराजकता नियन्त्रणको भाषामा लोकतान्त्रिक प्रक्रियामाथि नै अविश्वास निर्माण गर्न सक्छन् । इतिहासमा धेरै देशमा लोकतन्त्र यसरी नै कमजोर भएको देखिन्छ । एकैचोटि होइन बिस्तारै, दलहरूलाई अविश्वसनीय बनाउँदै । त्यसैले पुराना दलहरूको आलोचना आवश्यक भए पनि तिनको पूर्ण संस्थागत पतन अहिलेका लागि संघीय लोकतान्त्रिक गणतन्त्रकै लागि जोखिमपूर्ण हुन सक्छ । किनकि खाली ठाउँ कहिल्यै खाली रहँदैन । त्यो या त नयाँ लोकतान्त्रिक शक्तिले भरिन्छ या अदृश्य स्थायी शक्तिले ।

बेलगाम वालेन्द्र शाहमाथि लोकतान्त्रिक नियन्त्रण कायम गर्न पुराना दलहरु एक ठाउँमा उभिने पर्छ । र, वर्तमान सरकारको गति र मतिबारे साझा राजनीतिक दृष्टिकोण निर्माण गर्ने पर्छ । तर, विडम्बना ! यतिखेरको यही अनिवार्य कार्यभारप्रति उनीहरु आँखा चिम्लिरहेका छन् । आँखा बन्द गर्दैमा आँधीहुरीको ताण्डव रोकिन्न । राणा र राजासँग जुधेर आएका दलहरु आज किन यति भयभीत देखिन्छन् ? *- कान्तिपुर*




PRABHU BANK
BANK OF THE YEAR 2023
THE BANKER
Prabhu Bank Limited
Babarmahal, Kathmandu, Nepal
P.O Box: 19441
Tel No. : +977-1-5719000
Fax No. : +977-1-4780588
Email : info@prabhubank.com
SWIFT : PRVUNPKA

## सरकारको नीति तथा कार्यक्रम

# श्रम दशक, भ्रमण वर्ष घोषणादेखि विद्युत् परियोजनामा एकद्वार प्रणालीसम्म

काठमाडौं । सरकारले भौतिक पूर्वाधार परियोजनालाई निर्माणपूर्वको काम सकिएपछि मात्रै बजेट दिने भएको छ । सोमबार सरकारले ल्याएको आगामी आर्थिक वर्ष ०८३/८४ को नीति तथा कार्यक्रममार्फत बजेट पारित हुनुअघि नै विस्तृत परियोजना प्रतिवेदन (डिपिआर), वातावरणीय अनुमति र जग्गा प्राप्ति अनिवार्य रूपमा सम्पन्न गरेको हुनुपर्ने बताएको हो ।

'बजेट पारित हुनुअघि नै विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय अनुमति र जग्गा प्राप्ति अनिवार्य रूपमा सम्पन्न गर्नुपर्ने व्यवस्था मिलाइनेछ,' नीति तथा कार्यक्रममा भनिएको छ । यस्तै, अब साउनदेखि खरिद प्रक्रिया अघि बढाउने गरी 'शून्य दिन खरिद नीति' लागू गर्ने बताएको छ । ठुला खरिदमा खुला सार्वजनिक खरिद नीति लागू गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

'साउनदेखि नै खरिद प्रक्रिया सुरू गर्ने शून्य दिन खरिद नीति लागू गरी असार महिनामा केन्द्रित खर्च विकृति अन्त्य गरिनेछ,' ठुला खरिदहरूमा खुला सार्वजनिक खरिद नीति लागू गरिनेछ ।'

पूर्वाधार विकासलाई तीव्र बनाउन प्रधानमन्त्री डेलिभरी युनिटले मिसनका रूपमा काम गर्ने नीति पनि ल्याइएको छ । 'पूर्वाधार विकासलाई तीव्र बनाउन प्रधानमन्त्री डेलिभरी युनिटलाई सुदृढ गरी मिसन मोडमा कार्यान्वयन गरिनेछ,' नीति तथा कार्यक्रममा भनिएको छ ।

सरकारले ठुला पूर्वाधार आयोजनालाई समयमै सम्पन्न गर्न सुधारिएको ठेक्का प्रणाली लागू गर्ने नीति पनि ल्याएको छ । हाल कैयौँ ठुला परियोजनाको वर्षौँदेखि अलपत्र अवस्थामा छ । राष्ट्रिय गौरवका परियोजनाकै निर्माण लामो समयदेखि सुस्त छ । ठेक्का प्रक्रियामा हुने अनियमिता तथा झन्झटका कारण पनि निर्माण प्रभावित भइरहेको छ । त्यो अवस्थामा सरकारले सुधारिएको ठेक्का प्रणाली लागू गर्ने भएको हो । 'ठुला आयोजना समयमै सम्पन्न गर्न सुधारिएको ठेक्का प्रणाली र इन्जिनियरिङ मापदण्डको प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ,' नीति तथा कार्यक्रममा भनिएको छ । 'लगानी एक्सप्रेस' अवधारणाअनुसार पूर्वाधारसँग सम्बन्धित विवादको शीघ्र सुनुवाइ र निर्णय गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख छ । यस्तै, सडक, रेल, जल, रोपवे र हवाई यातायातलाई समेटन एकीकृत राष्ट्रिय यातायात गुरूयोजना तयार गरिनेसमेत सरकारको भनाइ छ ।

यस्तै, सरकारले हुलाकी, पुष्पलाल, उत्तर-दक्षिण राजमार्गलगायतका राष्ट्रिय सडक सञ्जालको स्तरोन्नति र विस्तार तीव्र बनाउने पनि बताएको छ । काठमाडौं-तराई मधेश द्रुतमार्ग तथा यसका लिंक सडकहरु शीघ्र सम्पन्न गरिनेसमेत नीति तथा कार्यक्रममा उल्लेख छ । सबै स्थानीय तहलाई बाह्रै महिना सञ्चालन हुने सडक सञ्जालसँग जोड्ने नीति पनि सरकारले ल्याएको छ ।

वैदेशिक रोजगारीलाई मर्यादित र सुरक्षित बनाउने अभियानमुखी कार्यक्रम सञ्चालन गर्न सरकारले श्रम दशक घोषणा गरेको छ । आगामी आर्थिक वर्ष ०८३/८४ देखि ०९२/९३ सम्म वैदेशिक रोजगारीलाई बाध्यताबाट विकल्पमा रूपान्तरण गर्ने गरी एक दशकसम्म अभियान सञ्चालन हुने भएको छ । यस अवधिमा अनौपचारिक क्षेत्रलाई औपचारिक अर्थतन्त्रमा रूपान्तरण गर्दै श्रमिकको अधिकार संरक्षण गर्ने पनि सरकारको नीति रहेको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार सार्वजनिक गरेको सरकारको आगामी आव ०८३/८४ को नीति तथा कार्यक्रममा नयाँ राष्ट्रिय रोजगारी नीतिसमेत ल्याउने उल्लेख छ । सिप, शिक्षा, श्रम बजार सूचना, सामाजिक सुरक्षा र रोजगार सेवा प्रणालीलाई एकीकृत गर्ने गरी नयाँ रोजगार नीति सार्वजनिक गर्ने सरकारको योजना रहेको छ ।

'कमाउँदै सिक्दै' अवधारणामा आधारित राष्ट्रिय अप्रेन्टिससिप कार्यक्रम सञ्चालन गर्ने पनि सरकारको नीति रहको छ । चुनावअघि राष्ट्रिय स्वतन्त्र पार्टीले गरेको वाचाअनुसार नेपालमै बसेर विदेशी रोजगारदाताका लागि काम गर्न सकिने रिमोट वर्क नीतिको कानुनी व्यवस्था गर्ने विषय पनि सरकारको नीति कार्यक्रममा अटाइएको छ । वैदेशिक रोजगारीबाट फर्केका युवाको सिपलाई डिजिटल अभिलेखीकरण गरी अन्तर्राष्ट्रिय व्यावसायिक प्रमाणीकरण उपलब्ध गराइने पनि भएको छ ।

सरकारले वैदेशिक रोजगारबाट फर्केका युवालाई कृषिमा जोडेर उत्पादन वृद्धि गर्ने योजना अघि सारेको छ । 'विशिष्टीकृत उत्पादन क्षेत्र विकास गरी कृषि उत्पादनलाई उद्योग, प्रशोधन र बजारसँग जोड्दै वैदेशिक रोजगारीबाट फर्किएका जनशक्तिलाई कृषि उद्यममा आकर्षित गरिनेछ,' नीति कार्यक्रममा भनिएको छ । त्यस्तै, बाली लगाउनुअघि नै न्यूनतम समर्थन मूल्य तोकी प्रभावकारी रूपमा कार्यान्वयन गरिने पनि उल्लेख छ । समर्थन मूल्यको कार्यान्वयन तथा भुक्तानी प्रणालीलाई डिजिटल बनाउँदै रकम सिधै किसानको बैंक खातामा जम्मा हुने व्यवस्था मिलाइने भएको छ । त्यस्तै, न्यूनतम समर्थन मूल्यमा कृषिउपज खरिद गर्ने निजी कम्पनी तथा सहकारीलाई सहुलियत प्रदान गर्ने नीति पनि अघि सारिएको छ ।

सरकारले समर्थन मूल्य निर्धारण गर्ने, तर किसानले सस्तोमा बेच्नुपर्ने बाध्यता नहटेपछि सहकारी वा निजी कम्पनीलाई सहुलियत दिएर भए पनि किसानको उपज समर्थन मूल्यमा बिक्री हुने सुनिश्चित गर्न खोजिएको हो । कृषियोग्य जमिन बाँझो रहने प्रवृत्तिलाई निरूत्साहित गर्न भूमि बैंक प्रणालीमार्फत बाँझो जमिनलाई उत्पादन कार्यमा उपयोग गर्न युवा, महिला, भूमिहीन तथा साना तथा सीमान्तकृत किसानको पहुँच विस्तार गर्ने नीति पनि अघि सारिएको छ ।

सरकारले विद्युत् परियोजना निर्माणका क्रममा पूरा गर्नुपर्ने सरकारी प्रक्रियामा एकद्वार प्रणाली लागू गर्ने भएको छ । सोमबार सरकारले ल्याएको आगामी आर्थिक वर्ष ०८३/८४ को नीति तथा कार्यक्रममार्फत एकद्वार प्रणाली लागू गर्ने घोषणा गरिएको हो । हाल विद्युत् आयोजना निर्माणका क्रममा विभिन्न प्रयोजनका लागि विभिन्न मन्त्रालय तथा विभागमा धाउनुपर्ने बाध्यता छ । त्यसलाई एकद्वार प्रणालीमा रूपान्तरण गर्ने सरकारको योजना छ ।

सरकारले १० वर्षमा ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य पनि लिएको छ । 'आगामी दशकमा ३० हजार मेगावाट विद्युत् उत्पादन लक्ष्य हासिल गर्न ऊर्जा, वन, भूमि तथा वातावरणसम्बन्धी कानुन परिमार्जन गरी एकद्वार प्रणाली लागू गरिनेछ,' नीति तथा कार्यक्रममा भनिएको छ ।

यस्तै, आयोजना प्रभावित क्षेत्रका नागरिकलाई मुआब्जाको सट्टा सेयर लगानीको विकल्प गरिनेसमेत नीति तथा कार्यक्रममा उल्लेख छ । नेपालका नदीहरूलाई केवल जलस्रोत मात्र नभई सभ्यता, संस्कृति, जैविक विविधता र मानव अस्तित्वका आधारमा समेत संरक्षण गर्ने राष्ट्रिय नीति अवलम्बन गरिने पनि बताइएको छ ।

नदी बेसिनमा आधारित एकीकृत जलस्रोत व्यवस्थापन लागू गर्दै जलविद्युत्, सिँचाइ, खानेपानी, पर्यटन र तल्लो तटीय लाभहरु समेट्ने बहुउद्देश्यीय आयोजना विकास गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख छ ।

अघिल्ला सरकारले जस्तै वर्तमान सरकारले पनि निजी क्षेत्रलाई विद्युत् व्यापारको लाइसेन्स दिने सपना देखाएको छ । विगतका सरकारले पनि निजी क्षेत्रलाई विद्युत् व्यापारमा खुला गर्ने घोषणा गरेका थिए । तर, त्यो कार्यान्वयन हुन सकेको छैन । हाल ऊर्जा क्षेत्रमा निजी क्षेत्रलाई विद्युत् उत्पादनका लागि मात्रै अनुमति छ । विद्युत् व्यापारमा भने सरकारकै एकाधिकार छ । निजी क्षेत्रलाई विद्युत् व्यापारमा खुला गर्न विद्युत् ऐन, २०४९ संशोधन गर्नुपर्छ । पटक-पटक सरकारले विद्युत् व्यापार गर्न दिने आश्वासन दिए पनि पूरा हुन सकेको छैन । त्यो अवस्थामा वर्तमान सरकारले पनि यसलाई निरन्तरता दिएको हो ।

यस्तै, ऊर्जामा आधारित उद्योग प्रवर्द्धन गर्दै आन्तरिक खपतमा व्यापक वृद्धि गरिने पनि बताइएको छ । अन्तरदेशीय ऊर्जा व्यापार सम्झौतालाई दीर्घकालीन लगानी आकर्षित गर्ने माध्यम बनाइने नीति तथा कार्यक्रममा उल्लेख छ । यस्तै, ग्रिन हाइड्रोजन, हरित अमोनिया तथा रासायनिक मलजस्ता रणनीतिक हरित उद्योगलाई प्रवर्द्धनका लागि कर-भन्सार छुट, सहुलियतपूर्ण विद्युत् दर, पुँजी प्रोत्साहन र लगानीमैत्री नीति लागू गरिने सरकारको भनाइ छ । साथै, यातायात क्षेत्रमा व्यावसायिक प्रयोग विस्तार गर्न ग्रिन हाइड्रोजन पूर्वाधारको सुरूवात गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।



## खेलकुद

## क्यानमाथि पुनः छानबिन गर्न मन्त्रालयको निर्देशन

पहिलो संस्करणको नेपाल प्रिमियर लिग २०८१ (एनपिएल)मा अनियमितता भएको विषयमा नेपाल क्रिकेट संघ (क्यान)विरूद्ध परेको उजुरीमा पुनः छानबिन गर्न राष्ट्रिय खेलकुद परिषद् (राखेप)लाई युवा तथा खेलकुद मन्त्रालयले निर्देशन दिएको छ । अनुसन्धानका क्रममा क्यानले असहयोग गरे कारबाही प्रक्रिया अघि बढाइने मन्त्रालयले जनाएको छ । मन्त्रालयका शाखा अधिकृत प्रदीपकुमार खड्काले १४ वैशाखमा राखेपलाई पत्र पठाउँदै सो निर्देशन दिएका हुन् । मन्त्रालयले यसपटक पनि अनुसन्धानमा सहयोग नगरेको अवस्थामा क्यानलाई कारबाहीसमेत गर्न भनिएको छ ।

पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)को आर्थिक पारदर्शिता नदेखाएको भनी ९ मंसिर, ०८१ र १२ फागुन ०८१ मा क्यानविरूद्ध अख्तियारमा उजुरी परेको थियो । त्यसपछि १० माघ ०८१ र ५ भदौ ०८२ मा गरी दुईपटक छानबिन आयोजक गठन हुँदा पनि क्यानले कानुनी प्रावधान पालना नगरेको मन्त्रालयको ठहर छ ।

'अख्तियारमा परेको उजुरी सम्बन्धमा सचिवस्तरीय निर्णय भई समिति गठन भई छानबिन प्रक्रियाको जिम्मेवारी पाए पनि खेलकुद विकास ऐन २०७७ को दफा २८ खण्ड (च) र (ड) बमोजिम मन्त्रालय तथा परिषद्बाट श्रेस्ताको जाँचबुझ गर्ने सोसम्बन्धी अभिलेख उपलब्ध गराउने बाध्यात्मक व्यवस्था रहेकोमा कानुनी पालना क्यानबाट नभएको देखिन्छ,' मन्त्रालयले राखेपलाई पठाएको पत्रमा भनिएको छ ।

खेलकुदमन्त्री सस्मित पोखरेलको निर्देशनमा क्यानमा देखिएको विवाद सुल्झाउन फेरि छानबिन अगाडि बढाइएको युवा तथा खेलकुद मन्त्रालयका उपसचिव जगदीश पोखरेलले नयाँ पत्रिकालाई बताए । 'मन्त्रीज्यूले खेलकुदमा देखिएका विभिन्न फाइलको अध्ययन गर्नुभएको थियो । उहाँले नेपाल क्रिकेट संघ (क्यान)मा देखिएको समस्या समाधान गर्न तत्कालै पुनः छानबिन गर्न र गल्ती देखिए कारबाही गर्न निर्देशन दियो,' पोखरेलले भने, 'उहाँकै निर्देशनपछि मन्त्रालयले अख्तियारमा परेको उजुरीका आधारमा राखेपलाई क्यानको विषयमा आवश्यक छानबिन गर्न र आवश्यक देखिए कारबाही गर्न भनी पत्र पठाइएको हो ।'

राखेपका सदस्यसचिव रामचरित्र मेहताले मन्त्रालयबाट आएको पत्र आफूले अध्ययन गर्न नपाएको बताए । 'आजै (मंगलबार) मात्र काठमाडौं आएको छु । यसकारण मैले मन्त्रालयको पत्र अध्ययन गर्न पाएको छैन । अध्ययनपछि आवश्यकताअनुसार क्यानसँग फेरि अनुसन्धान प्रक्रिया अगाडि बढाइनेछ । यसपटक पनि हामीलाई असहयोग गरे मन्त्रालयको निर्देशनअनुसार क्यानमाथि कारबाही गर्छौं,' मेहताले भने, 'राखेपले पुनः क्यानलाई अवसर दिनेछ ।' अनुसन्धानको क्रममा सहयोग नगरेको भन्दै विषय सत्य नभएको क्यानका प्रवक्ता छुम्बी लामाले दाबी गरेका छन् । उनले आफूहरूले सबै कागजी सम्बन्धित निकायलाई बुझाइसकेको बताए । यद्यपि, मन्त्रीस्तरीय निर्णयअनुसार क्यानलाई अन्तिमपटक चेतावनीसहित स्पष्टीकरण सोधेको थियो । क्यानले चित्त बुझ्दो जवाफ नदिएपछि दफा २९ बमोजिम क्यानबाट स्पष्ट जवाफ नआएमा आवश्यक कारबाही अगाडि बढाउन मन्त्रालयको पत्रमा भनिएको छ ।

क्यानका असन्तुष्ट केन्द्रीय सदस्य आफ्नो संस्थाले एनपिएलको दुवै संस्करणमा अपारदर्शी भएको र सुशासन कायम गर्न नसकेको भन्दै गत २४ वैशाखमा राखेपमा छानबिनको निवेदनसहित माग राखेका थिए । क्यानका नौजना केन्द्रीय सदस्यहरूमा उपाध्यक्ष रोशन सिंहसहित केन्द्रीय सदस्य प्रदीप मजगैयाँ, माधव कर्माचार्य, वीरेन्द्र चन्द, अर्जुन पौडेल, जयन्ती भट्ट, दिवाकर घले, दुर्गाराज पाठक र विक्रम विष्टले छानबिन माग गरेका हुन् । यद्यपि, निवेदनमा घले र विष्टले हस्ताक्षर गरेका छैनन् । पछिल्लोपटक एनपिएलको हिसाब उपलब्ध नगराउँदा असन्तुष्ट पक्षले बोर्ड बैठक बहिष्कारसमेत गरेका थिए ।

गत २१ चैतमा क्यानको बोर्ड बैठक कोरम नपुगेर स्थगित भएको थियो । अर्को बैठकमा कोरम पुऱ्याएर एनपिएल सिजन १ र २ को हिसाबकिताब पास गरिएको थियो । तर, ती सम्पूर्ण प्रक्रिया शंकास्पद, अपारदर्शी र विधानविपरीत भएको असन्तुष्ट पक्षले दाबी छ । 'संस्थाभित्र देखिएका गम्भीर वित्तीय, प्रशासनिक, प्रक्रियागत तथा सुशासनसम्बन्धी विचलनप्रति ध्यानाकर्षण गराउँदै प्रचलित कानुनबमोजिम आवश्यक सूचना र कागजात उपलब्ध गराई सुशासन कायम गरिदिनुहुन औपचारिक रूपमा निवेदन पेस गर्दछौं,' उनीहरूले भनेका छन् । नेपालको ऐनअनुसार पाउनुपर्ने सूचना लुकाएर क्यानले पारदर्शिता गर्न नसकेको पनि आरोप लगाएका छन् । तर, क्यानका सचिव पारस खड्काले विराटनगरमा भएको वार्षिक साधारणसभामा एनपिएलको सम्बन्धमा आर्थिक हिसाबकिताब छर्लंग भएको बताएका थिए । `

## सन् २०३०को विश्वकप बृहत् हुने फिफाको घोषणा

फिफाले विश्वकप फुटबल प्रतियोगिताको अर्को संस्करण भव्य हुने जनाएको छ । सन् २०३० को विश्वकप तीन महादेशका ६ वटा राष्ट्रले आयोजना गर्दै छन् । डिसेम्बर ११, २०२४ मा फिफाले २०३० को विश्वकप स्पेन, पोर्चुगल र मोरक्कोमा आयोजना हुने घोषणा गरेको थियो । अधिकांश खेल तीन देशमा खेलाइनेछन् । युरोपमा स्पेन र पोर्चुगलले विश्वकपका खेल आयोजना गर्नेछन् ।

यसैगरी, अफ्रिकी महादेशबाट मोरक्कोले खेल गर्नेछ । फिफाले विश्वकप सुरू भएको एक शताब्दीको अवसरमा बृहत् रूपमा प्रतियोगिता आयोजना गर्ने जनाएको छ । आगामी चार वर्षपछि आयोजना हुने विश्वकप ठ्याक्कै सय वर्ष पुग्ने । सन् १९३० मा उरूग्वेमा पहिलोपटक विश्वकप आयोजना भएको थियो । शत वार्षिकोत्सव मनाउन फिफाले सन् २०३० को विश्वकपका लागि तीन दक्षिण अमेरिकी देशहरूको पनि घोषणा गरेको छ । जसमा विश्वकपको पहिलो खेल अर्जेन्टिना, पाराग्वे र उरूग्वे आयोजक राष्ट्र हुनेछन् ।

यी तीन दक्षिण अमेरिकी राष्ट्रहरूलाई फिफा विश्वकप २०३० शताब्दी समारोहको प्रमुख भाग हुन छनोट गरिएको थियो । अर्को महिनामा मेक्सिको, क्यानडा र अमेरिकाले संयुक्त रूपमा विश्वकप आयोजना गर्दै छन् । विश्वकप आउन एक महिना अवधि बाँकी रहँदा फिफाले अर्को संस्करणको तयारी थालेको जनाएको छ । यसपटक पहिलोपटक तीन राष्ट्रले संयुक्त रूपमा विश्वकप आयोजना गर्दै छन् । योपटक सर्वाधिक ४८ राष्ट्रले भाग लिँदै छन् ।

## कर्पोरेट

## ● नबिल निःशुल्क जलन शिविरबाट ८५ जना लाभान्वित

दाङको घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सञ्चालन भएको नबिल निःशुल्क जलन उपचार शिविरमार्फत ८५ जनाले उपचार तथा परामर्श सेवा प्राप्त गरेका छन् । नबिल बैंक र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको आयोजना तथा सुष्मा कोइराला मेमोरियल अस्पतालको सहकार्यमा २५ देखि २८ वैशाखसम्म शिविर आयोजना गरिएको थियो ।

शिविरमा २५ जनाको शल्यक्रिया गरिएको बैंकले जनाएको छ । त्यसमध्ये जटिल किसिमका १२ जना बिरामीलाई काठमाडौं साँखुस्थित सुष्मा कोइराला मेमोरियल अस्पतालमा थप उपचारका लागि रिफर गरिएको छ । बैंकले काठमाडौंमा कार्यरत विशेषज्ञ चिकित्सकमार्फत विभिन्न प्रदेशका दुर्गम स्थानमा रहेका जलनसम्बन्धी बिरामीलाई निःशुल्क उपचार र परामर्श दिँदै आएको छ । जलनका कारण पीडा भोगिरहेका व्यक्तिहरूलाई उपचार गरी उनीहरूको जीवनमा सुधार ल्याउने प्रयासस्वरूप शिविर आयोजना गरिएको बैंकको भनाइ छ ।

'नेपालमा जलनसम्बन्धी घटनाका पीडितले अझै पनि उचित उपचार नपाएर बस्नुपर्ने अवस्था छ । बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न प्रदेशका दुर्गम क्षेत्रमा रहेका जलनका बिरामीलाई लक्षित गरी शिविर सञ्चालन गरेको हो,' बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोजकुमार ज्ञवालीले भने । बैंकले यसअघि सुदूरपश्चिम, कर्णाली र मधेश प्रदेशमा यसप्रकारका शिविर आयोजना गरिसकेको छ ।

## ● छथर जोरपाटीका स्थानीयलाई नबिलको वित्तीय साक्षरता

छथर जोरपाटी गाउँपालिका- ४, तेलियामा वित्तीय साक्षरता र उद्यमशीलता विकासलक्षित कार्यक्रम सञ्चालन गरिएको छ । गाउँपालिका र नबिल बैंकको सहकार्यमा आयोजना गरिएको कार्यक्रममार्फत स्थानीय किसान, युवा तथा स्वरोजगार बन्न चाहने व्यक्तिलाई व्यावहारिक ज्ञान र सिप प्रदान गरिएको हो ।

कार्यक्रममा सहभागीलाई बचत गर्ने तरिका, बैंकिङ सेवा उपयोग, लगानी व्यवस्थापन, वित्तीय योजना निर्माणलगायतका विषयमा जानकारी दिइएको थियो । यससँगै उद्यम सञ्चालनका आधारभूत पक्षबारे पनि प्रशिक्षण दिइएको आयोजकले जनाएको छ ।

नबिल बैंक सिधुवा शाखाका प्रमुख निरञ्जन निरौलाले तालिमलाई व्यावहारिक र आयमुखी बनाइएको बताए । सहभागीलाई आधुनिक प्रविधिमार्फत च्याउ खेती गर्ने विधि, उत्पादन व्यवस्थापन तथा बजारसम्म पहुँच विस्तार गर्ने उपायबारे सिकाइएको उनको भनाइ छ । तालिमपछि च्याउ खेती सुरू गर्न आवश्यक बिउ र अन्य सामग्रीसमेत उपलब्ध गराइने निरौलाले जानकारी दिए । कार्यक्रममा गाउँपालिकाका अध्यक्ष छत्रबहादुर सुब्बाले स्थानीय तहले कृषि र साना उद्यम प्रवर्द्धनलाई प्राथमिकतामा राखेर काम गरिरहेको उल्लेख गरे । आधुनिक कृषि प्रणाली अपनाउन सके स्थानीयस्तरमै रोजगारी सिर्जना गर्न सकिने र च्याउ खेती गाउँका लागि राम्रो आम्दानीको स्रोत बन्न सक्ने उनको भनाइ छ । स्थानीयस्तरमा सिप र वित्तीय ज्ञान जोडेर स्वरोजगार प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरेको बताइएको छ ।

## ● दृष्टिविहीनका लागि कामना सेवा विकासको समावेशी बैंकिङ पहल

कामना सेवा विकास बैंक लिमिटेडले वित्तीय साक्षरता तथा हस्ताक्षर तालिम कार्यक्रम सम्पन्न गरेको छ । बैंकले समावेशी बैंकिङलाई प्रवर्द्धन गर्दै दृष्टिविहीन व्यक्तिमा बैंकिङ पहुँचसँग पुऱ्याउने उद्देश्यसहित कार्यक्रम गरेको जनाएको छ । बैंकले सर्वोदय परियोजनासँगको सहकार्यमा दुईदिने कार्यशाला गोष्ठी आयोजना गरिएको जनाइएको छ ।

कार्यक्रममा बैंकका ब्रान्डिङ तथा सिएसआर प्रमुख सुशील पौडेलले बचतको महत्व, व्यक्तिगत बजेट निर्माण, पारिवारिक बजेट निर्माण, आर्थिक अनुशासन, आर्थिक लक्ष्य, भविष्यका लगानीका अवसर, डिजिटल कारोबार, डिजिटल ठगीलगायतका विषयमा वित्तीय साक्षरता प्रदान गरेका थिए । बैंकिङ कारोबारका क्रममा आवश्यक पर्ने हस्ताक्षरसम्बन्धी व्यावहारिक अभ्यास गराउँदै सहभागीलाई आत्मविश्वासी बनाउने प्रयास गरिएको बैंकले जनाएको छ । उक्त तालिमले दृष्टिविहीन व्यक्तिहरूलाई बैंकिङ प्रक्रिया सहज रूपमा प्रयोग गर्न थप सहयोग पुग्ने विश्वास बैंकले लिएको छ । कार्यक्रममा ४० जना दृष्टिविहीनको सहभागिता थियो । बैंकले आगामी दिनहरूमा पनि समावेशी बैंकिङलाई प्रवर्द्धन गर्दै विभिन्न समुदायलक्षित वित्तीय सचेतना तथा सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्दै जाने जनाएको छ । सर्वोदय परियोजनाका अध्यक्ष युवराज वाग्लेले वित्तीय साक्षरता कार्यक्रम उपयोगी र प्रभावकारी रहेको बताए । कामना सेवा विकास बैंकले दृष्टिविहीनलाई लक्षित गरी 'स्वाभिमान बचत खाता' सञ्चालनमा ल्याएको छ । उक्त खाता खोल्ने दृष्टिविहीनले अन्य व्यक्तिले जस्तै मोबाइल बैंकिङ, एटिएम कार्डलगायतका सुविधा प्रयोग गर्न सक्ने बताइएको छ ।

## ● गरिमा विकास 'बेस्ट म्यानेज्ड डेभलपमेन्ट बैंक'बाट सम्मानित

गरिमा विकास बैंक लिमिटेड 'बेस्ट म्यानेज्ड डेभलपमेन्ट बैंक २०२६' बाट सम्मानित भएको छ । न्यु बिजनेस एज लिमिटेडद्वारा आयोजित न्यु बिज कन्क्लेभ एन्ड बिजनेस एक्सिलेन्स अवार्डस्को दसौँ संस्करणमा बैंक सो अवार्डबाट सम्मानित भएको हो ।

यो सम्मानले आफ्ना ग्राहकलाई निरन्तर सरल, सुरक्षित, गुणस्तरीय एवं प्रविधिमैत्री सेवा प्रदान गर्ने लक्ष्यमा थप हौसला प्रदान गरेको बैंकले जनाएको छ । यसअघि बैंक 'द बेस्ट बैंक' र 'बेस्ट एआई-एमल इप्लिमेन्टेसन' विधामा उत्कृष्ट भएको थियो ।

साथै, बैंक 'बेस्ट एमएसएमई एक्सेलेरेसन' विधामा रनर अप र 'द एचआरएम अवार्डस् फर कर्पोरेट एक्सिलेन्स २०२४'बाट समेत सम्मानित भइसकेको छ । बैंकले देशभर एक सय २६ शाखा कार्यालय, ५१ एटिएम एवं नवीनतम डिजिटल बैंकिङमार्फत बैंकिङ सेवा दिँदै आएको छ ।

## ● सिन्धु विकासको वित्तीय साक्षरता तथा शैक्षिक सामग्री वितरण

सिन्धु विकास बैंकले थाङपाल भ्याली माविमा वित्तीय साक्षरता तथा शैक्षिक सामग्री वितरण कार्यक्रम गरेको छ । बैंकको मेलम्ची शाखाले सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत थाङपाल भ्याली माविमा वित्तीय साक्षरता, शैक्षिक एवं खेलकुद सामग्री वितरण कार्यक्रम गरेको हो । कार्यक्रममा विद्यालयका एक सयभन्दा बढी विद्यार्थीको सहभागिता थियो । विद्यार्थीलाई बचतको महत्व, डिजिटल बैंकिङ, वित्तीय अनुशासन तथा बैंकिङ सेवासम्बन्धी जानकारी प्रदान गरिएको थियो । साथै, विद्यालयलाई आवश्यक शैक्षिक सामग्री तथा खेलकुद सामग्रीसमेत हस्तान्तरण गरिएको बैंकले जनाएको छ ।

कार्यक्रममा बैंकका कार्यवाहक प्रमुख कार्यकारी अधिकृत गणेशकुमार केसी, सहायक प्रमुख कार्यकारी अधिकृत प्रमोद न्यौपाने, मार्केटिङ विभागका भुवन निरौला तथा मेलम्ची शाखा प्रमुख सीताराम दुलालको उपस्थिति थियो । विद्यालयका प्रधानाध्यापक राजु तामाङले विद्यार्थीको भविष्य निर्माणमा सहयोग पुग्ने यस्ता अर्थपूर्ण कार्यक्रम सञ्चालन गरेकामा बैंकलाई धन्यवाद दिए । सामाजिक उत्तरदायित्वअन्तर्गत सञ्चालन गरिएको यस कार्यक्रमले विद्यार्थीमा वित्तीय चेतना अभिवृद्धि गर्नुका साथै शैक्षिक वातावरणलाई थप सहयोग पुग्ने विश्वास बैंकले लिएको छ ।

## ● अब खल्तीका सबै प्रयोगकर्ताका लागि 'सुपर वालेट' सुविधा

आइएमई खल्ती लिमिटेड (खल्ती)ले आफ्ना सम्पूर्ण प्रयोगकर्ताहरूका लागि 'सुपर वालेट' सुविधा सार्वजनिक गरेको छ। ग्लोबल आइएमई बैंक लिमिटेडसँगको साझेदारीमा खल्तीले यो सेवा ल्याएको हो। प्रयोगकर्ताहरूलाई आफ्नो वालेटमा रहेको मौज्दातमा प्रत्यक्ष ब्याज प्रदान गर्ने यो सेवा नेपालकै पहिलो डिजिटल वालेट सुविधा हो। यससँगै खल्ती नेपालमा 'नियो बैंकिङ' युगको सुरुवात गर्ने पहिलो डिजिटल भुक्तानी प्लाटफर्म बनेको छ।

यसअघि यो ब्याज सुविधा साबिकको आइएमई पेबाट माइग्रेट भएका सीमित प्रयोगकर्ताहरूका लागि मात्र उपलब्ध थियो। तर, अब यो सीमा हटाउँदै खल्तीले आफ्ना सम्पूर्ण केवाइसी प्रमाणित व्यक्तिगत प्रयोगकर्ताहरूका लागि 'सुपर वालेट'को सुविधा विस्तार गरेको छ।

यससँगै खल्ती वालेट अब केवल भुक्तानी गर्ने माध्यम मात्र नभई प्रयोगकर्ताको एक आधुनिक बचत उपकरणका रूपमा परिणत भएको कम्पनीले जनाएको छ। सुविधा प्राप्त गर्न प्रयोगकर्ताको खाता केवाइसी भई कम्तीमा १० वटा सफल कारोबार गरेको र वालेटमा ओभरनाइट ब्यालेन्स एक हजार रूपैयाँ कायम भएको हुनुपर्नेछ। यो सुविधा व्यक्तिगत खाताका लागि मात्र उपलब्ध हुने कम्पनीले जनाएको छ।

## ● नेपाल इन्स्योरेन्सलाई 'बेस्ट म्यानेज्ड जनरल इन्स्योरेन्स कम्पनी' अवार्ड

नेपाल इन्स्योरेन्स कम्पनीलाई 'बेस्ट म्यानेज्ड जनरल इन्स्योरेन्स कम्पनी २०२६' अवार्ड प्रदान गरिएको छ । न्यु बिजनेस एज लिमिटेडले काठमाडौंमा आयोजना गरेको १०औँ संस्करणको 'न्युबिज कन्क्लेभ एन्ड बिजनेस एक्सिलेन्स अवार्डस्' कार्यक्रममा कम्पनी उक्त सम्मानबाट सम्मानित भएको हो । बिमा क्षेत्रमा प्रभावकारी व्यवस्थापन, संस्थागत सुशासन, वित्तीय स्थायित्व, तथा व्यावसायिक उत्कृष्टताका आधारमा अवार्ड प्रदान गरिएको हो ।

## ● विद्युत् प्राधिकरणमा श्रेष्ठलाई कामु कार्यकारी निर्देशकको जिम्मेवारी

नेपाल विद्युत् प्राधिकरणको सञ्चालक समितिले प्राधिकरणका निमित्त कार्यकारी निर्देशक दीर्घायु कुमार श्रेष्ठलाई कायममुकायम कार्यकारी निर्देशकको जिम्मेवारी दिएको छ । ऊर्जामन्त्री विराजभक्त श्रेष्ठको अध्यक्षतामा बुधबार बसेको प्राधिकरण सञ्चालक समितिको १०३०औँ बैठकले उक्त निर्णय गरेको हो । श्रेष्ठ २९ वर्षदेखि प्राधिकरणको प्राविधिक तथा व्यवस्थापकीय जिम्मेवारीमा छन् । उनले ०५४ सालमा सातौँ तहको अधिकृतका रूपमा प्राधिकरणमा सेवा प्रवेश गरेका थिए । यसअघि प्राधिकरणको सञ्चालक समितिमा दुई नयाँ सदस्य नियुक्त भएका थिए । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले बुधबार मन्त्रीस्तरीय निर्णयमार्फत आगामी चार वर्षका लागि उनीहरूलाई नियुक्त गरेका हुन् । नवनियुक्त सदस्यमध्ये निजी क्षेत्रको प्रतिनिधित्व गर्दै काठमाडौं महानगरपालिका- १५ निवासी अंशुकिरण शाही र उपभोक्ताको तर्फबाट नागार्जुन नगरपालिका-५ निवासी कृष्ण बसेल रहेका छन् । नवनियुक्त सञ्चालक समिति सदस्य तथा कामु कार्यकारी निर्देशकलाई बुधबार नै ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले पद तथा गोपनीयताको शपथ गराए ।

## ● सिटिजन लाइफको 'लिडर्स मिट' कार्यक्रम

सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले 'सिटिजन लिडर्स मिट' कार्यक्रम गरेको छ । कम्पनीको सुर्खेत, वीरेन्द्रनगर शाखाले अभिकर्ताको क्षमता अभिवृद्धि तथा नेतृत्व विकास गर्न उक्त कार्यक्रम गरेको हो ।

कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत पोषकराज पौडेल, चिफ मार्केटिङ अफिसर भूषण रिमाल, माइक्रो डिपार्टमेन्ट हेड रीता पाठक, तालिम विभाग प्रमुख कुबेर पाठक तथा कर्णाली प्रदेश प्रमुख लक्ष्मण मरासिनीलगायतको सहभागी थियो ।

कार्यक्रममा अभिकर्ता पेसाको वर्तमान अवस्था, अवसर तथा चुनौतीका विषयमा छलफल गरिएको कम्पनीले जनाएको छ । विशेषगरी अभिकर्तालाई व्यावसायिक रूपमा सक्षम, आत्मनिर्भर र प्रतिस्पर्धी बनाउन आवश्यक सिप तथा रणनीतिबारे जानकारी दिइएको थियो । सिइओ पौडेलले अभिकर्ता पेसालाई रोजगारीको माध्यम मात्र नभई स्वरोजगार बन्ने महत्वपूर्ण अवसरका रूपमा लिनुपर्ने बताए । उनले पछिल्लो समय यो पेसा मर्यादित बन्दै गएको पनि उल्लेख गरे । यसको भविष्यसमेत उज्ज्वल रहेकाले अभिकर्तालाई निरन्तर मिहिनेत र प्रतिबद्धतासहित अगाडि बढ्न प्रेरित गरे । सहभागी अभिकर्ताले कार्यक्रमले नयाँ ऊर्जा, सिप र दृष्टिकोण प्रदान गरेको बताए ।

## ● नेपाल बैंकका ग्राहक र कर्मचारीलाई बिएन्डबी हस्पिटलमा छुट

नेपाल बैंक लिमिटेडका ग्राहक र बैंकमा कार्यरत कर्मचारीले ललितपुरको ग्वार्कोस्थित बिएन्डबी हस्पिटलमा उपचार गराउँदा छुट दिनेसम्बन्धी सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका तर्फबाट बजारीकरण तथा अनुसन्धान डिभिजन प्रमुख निर्मल सुवेदी र हस्पिटलका तर्फबाट प्रशासन प्रमुख प्रकाशकुमार भट्टराईले हस्ताक्षर गरेका हुन् ।

सम्झौताअनुसार ग्राहक र कर्मचारीले सो हस्पिटलमा उपचार गराउँदा लाग्ने शुल्कमा बैंकको मोबाइल बैंकिङ एपबाट रकम भुक्तानी गर्दा १५ प्रतिशत छुट हुनेछ । बैंकले देशभरका दुई सय ३१ शाखा, दुई सय ४६ एटिएमका साथै ६१ एक्स्टेन्सन काउन्टरमार्फत २७ लाख ग्राहकलाई वित्तीय सेवा दिँदै आएको छ ।

## ● 'एलएस होराइजन १२' को इकाइ बिक्री आजदेखि खुला

लक्ष्मी सन्राइज क्यापिटल लिमिटेडले बुधबारदेखि 'एलएस होराइजन १२' को इकाइ बिक्री खुलाउँदै छ । कम्पनीले प्रतिइकाइ १० रूपैयाँका दरले एक अर्ब २० करोड रूपैयाँबराबरको १२ करोड इकाइको बिक्री खुलाउन लागेको हो । यो लक्ष्मी सन्राइज म्युचुअल फन्डअन्तर्गत सञ्चालित १२ वर्षे बन्दमुखी योजना हो । कुल निष्कासन हुने १२ करोड एकाइमध्ये एक करोड ८० लाख इकाइ कोष प्रवर्द्धक लक्ष्मी सन्राइज बैंकलाई छुट्याइएको छ । बाँकी रहेको १० करोड २० लाख इकाइ सर्वसाधारणमा खुला गरिन लागेको हो । इच्छुक लगानीकर्ताले न्यूनतम १०० इकाइदेखि अधिकतम एक करोड २० लाख इकाइको माग गरी आवेदन दिन सक्नेछन् । निष्कासन बन्द छिटोमा ४ र ढिलोमा १३ जेठसम्म दिन सकिनेछ ।

## ● कजारियाको सोरुम दाङको हापुरेमा

कजारिया रमेश टायल्स लिमिटेडले दाङको हापुरेमा नयाँ सोरुम सञ्चालनमा ल्याएको छ । हापुरे मार्बल प्रालिद्वारा व्यवस्थापन गरिने यस सोरुमले स्थानीय बासिन्दा, आर्किटेक्ट र डिजाइनरलाई कम्पनीका उच्च गुणस्तरीय टायल्स र इन्टेरियर समाधानहरूको उत्कृष्ट अनुभव प्रदान गर्नेछ । सोरुमको उद्घाटन कजारिया रमेश टायल्स लिमिटेडका प्रतिनिधि र हापुरे मार्बल प्रालिको टोलीको उपस्थितिमा गरिएको हो ।

हापुरे सोरुमले ग्राहकलाई व्यावहारिक र सहज किनमेलको अनुभव प्रदान गर्ने गरी डिजाइन गरिएको छ । कम्पनीका अनुसार कजारियाका अत्याधुनिक फ्लोर र वाल टायल्सको फराकिलो दायरा उपलब्ध छ । ग्राहकले विभिन्न टेक्सचर र फिनिस प्रत्यक्ष रूपमा अवलोकन गर्न सक्नेछन् । 'हापुरे मार्बल प्रालिसँग सहकार्य गरी दाङवासीमाझ हाम्रा उत्पादन ल्याउन पाएकामा उत्साहित छौँ । ग्राहकलाई उच्च गुणस्तरका सामग्री उपलब्ध गराउनु र सपनाको घर सजाउन आवश्यक सहयोग पुऱ्याउनु नै हाम्रो मुख्य उद्देश्य हो,' कम्पनीले भनेको छ ।

कजारियाले उन्नत प्रविधिसहित नेपालमा टायल उत्पादन गर्दै आएको छ । यसका नेपालभर १०० भन्दा बढी सोरुम सञ्चालनमा छन् । कम्पनीले ग्लेज्ड भिट्रिफाइड, हेभी ड्युटी ग्लेज्ड भिट्रिफाइड तथा सेरामिक वाल टायल उत्पादन तथा बिक्री-वितरण गर्दै आइरहेको जनाएको छ ।

## ● बजेट माग्न मन्त्रालय नधाउन अर्थमन्त्रीको आग्रह

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रत्यक्ष रूपमा साना आयोजना र बजेट माग गरेर अर्थ मन्त्रालय नधाउन सांसदहरूलाई आग्रह गरेका छन् । उनले नीतिगत विषयभन्दा साना-साना स्थानीय आयोजना समावेश गर्न सांसदहरूको दबाब बढी आउने गरेको बताउँदै यस्तो आग्रह गरेका हुन् ।

अर्थ समितिका सांसदहरूसँग ब्रिफिङ गर्दै उनले सरकारको प्राथमिकता सुशासनमार्फत अर्थतन्त्रको संरचनात्मक सुधार रहेको स्पष्ट पारे । वाग्लेले केही वर्षयता अर्थ मन्त्रालयले प्रत्यक्ष रूपमा आयोजनामा 'इन्ट्री' नगर्ने अभ्यास रहेको पनि जानकारी गराए । 'अर्थ मन्त्रालयले सिधै आयोजना राख्ने होइन, सम्बन्धित मन्त्रालयको प्रक्रियाबाट आएका प्रस्ताव मात्रै अन्तिम चरणमा हेर्ने हो,' उनले भने । सांसदहरूले आफ्नो निर्वाचन क्षेत्रका माग र सुझाव पठाए पनि १६औँ योजना, मध्यमकालीन खर्च संरचना र सरकारको नीतिगत प्राथमिकतासँग मेल खानुपर्ने उनले बताए ।

१९ फागुनअगावै मन्त्रालयहरूलाई बजेट सीमा पठाइसकिएको र सरकार गठन हुँदा बजेट प्रक्रिया सुरु भइसकेका कारण छलफलको समय सीमित भएको उनले बताए । यद्यपि, ३१ वैशाखपछि मन्त्रालयहरूले पठाएका प्रस्ताव अर्थ मन्त्रालयमा आइपुग्ने र त्यसपछि अन्तिम बजेट रूपरेखा तय हुने उनले बताए । १५ जेठसम्म पनि सुझाव समेट्ने ठाउँ बाँकी रहेको भन्दै उनले सांसदहरूका जायज मागलाई साधनस्रोतको सीमाभित्र सम्बोधन गर्ने आश्वासन दिए ।

## प्रधानमन्त्री...

संसदको मर्यादा रहन सक्दैन, प्रधानमन्त्रीको कार्यशैलीमा सम्पूर्ण नेपाली जनताको भविष्य जोडिएको हुन्छ । प्रत्येक देशको राष्ट्रिय पोशाक हुन्छ । संसद जनताका समस्याहरु समाधान गर्ने थलो हो । व्यक्ति कुनैपनि राजनीतिक दलबाट चुनिएर आएपनि प्रधानमन्त्री भै सकेपछि उनी राष्ट्रका प्रधानमन्त्री हुन् ।

त्यसैले उनले राष्ट्रको प्रतिनिधित्व गर्दै संसदमा उपस्थित भएका हुन्छन् । तर प्रधानमन्त्री साहले राष्ट्रपतिले सरकारको नीति तथा कार्यक्रम बाचन गर्दागर्दै संसद छोडेर बाहिर जानु संसदीय परम्पराको खिलापको कार्य हो । बालेन साह रास्वपाका नेता मात्र नभएर प्रधानन्त्री भै सकेपछि संसदका र राष्ट्रकै नेता हुन् तर उनले त्यस्तो व्यवहार गरेको देखिएन । संसदमा उपस्थित हुँदा र राष्ट्रिय कार्यक्रममा उपस्थित हुँदा प्रधानमन्त्रीले राष्ट्रिय पोशाक लगाउनुपर्ने उनी कोट पाइन्ट र टिसर्टमा उपस्थित हुनु र स्पोर्ट सुजमा सजिनुले के उनी संसदमा फुटबल खेल्न गएका हुन् त भन्ने प्रश्न समेत उब्जिएको छ ।

संसद चलिरहेको बेलामा प्रधानमन्त्री सहित मन्त्रीहरु संसदमा उपस्थित भएर सांसदले उठाएका जनताका समस्याहरूका बारेमा सरकारले जवाफ दिनुपर्दछ यो विश्वव्यापी सिद्धान्त हो तर प्रधानमन्त्री बालेन साहले त आफ्नो सरकारको नीति तथा कार्यक्रम राष्ट्रपतिबाट बाचन गराउँदा रोष्ट्रममा उभिएर नीति तथा कार्यक्रमको पुस्तिका राष्ट्रपतिलाई हस्तान्तरण नगरेर अर्को नौटंकी गरेका छन् । मानौँ हाम्रा प्रधानमन्त्री बोल्न सक्दैनन् फेसबुकमा स्टाटस मात्र लेख्न सक्छन् । अहिले जनताले त्यसै भन्न थालेका छन् । राष्ट्रपतिबाट संसदमा सरकारको नीति तथा कार्यक्रम बाचन हुँदाहुँदै प्रधानमन्त्री बालेन साह ४५ मिनेटसम्म कहाँ गएका थिए ? त्यसको जवाफ जनतालाई दिनुपर्दछ । प्रधानमन्त्रीको स्वकीय सचिवालयले प्रधानमन्त्रीको स्वास्थ्यमा समस्या आएकोले उनी संसदबाट बाहिर गएको जानकारी फेसबुक मार्फत गराएको भएपनि त्यो भ्रुठ सावित भएको छ । उनी विरामी भएको भए त्यसै दिन अर्को कार्यक्रममा कसरी उपस्थित भए ? त्यस विषयमा प्रधानमन्त्री स्वयम्ले संसदलाई जानकारी दिनु पर्दछ ।

बोल्न र जनताका समस्याहरु सुन्न नचाहने प्रधानमनत्री नेपाली जनतालाई आवश्यक छैन । भत्काउन मात्र जाने अनि स्टाटसमार्फत अरूलाई अर्ति उपदेश दिने र विपक्षी दलहरूलाई गालीका बर्षा बर्साउन मात्र जाने प्रधानमन्त्री नेपाली जनताले खोजेका होइनन् । बालेन साह सरकारले गर्ने हरेक निर्णयहरु विवादको घेरामा परेका छन् । चाहे सर्बोच्च अदालतका प्रधानन्यायाधिश सिफारिस गर्ने विषयमा होस्, चाहे सुकुम्बासीहरूलाई हटाउने विषयमा होस्, सरकारी सञ्चार माध्यमलाई मात्र सरकारी विज्ञापन दिने निर्णय होस् चाहे ट्रेड युनियन हटाउने विषयमा होस् चाहे अध्यादेश ल्याएर सम्वैधानिक परिषद्को ऐन नै परिवर्तन गर्ने विषयमा होस् । आफैँले आह्वान गरिसकेको अधिवेशन एकाएक स्थगित गरेर ८ वटा अध्यादेश ल्याउनुको कारण राज्यसत्ता कब्जा गर्ने रणनीति उदेश्य त थिएन वा छैन ? मुलुकका प्रमुख तीन अङ्ग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका हुन् । कार्यपालिका प्रमख प्रधानमन्त्री बालेन साह नै रहेका छन् भने व्यवस्थापिका संसदको सभामुखमा रास्वपाकै नेता डिपी अर्याल रहेका छन् । न्यायपालिकामा समेत हस्तक्षेप गरेर विपक्षी दलहरूलाई पेल्ने र न्यायालयबाट आफ्नो पक्षमा निर्णय गराउने मुख्य उदेश्य राखेर सर्बोच्च अदालतको मर्यादाक्रममा चौथो नम्वरमा रहेका व्यक्तिलाई सम्वैधानिक परिषद्को वैठकबाट बहुमतको आधारमा कामु प्रधानन्यायाधिश सहित अन्य दुई जनालाई छोडेर चौथो नम्वरका न्यायाधिशलाई प्रधानन्यायाधिशमा नियुक्त गर्न सिफारिस गर्नु नै षड्यन्त्रको जड रहेको छ ।

अब मुलुकमा प्रमुख तीन अङ्ग रास्वपाको नियन्त्रणमा जान सक्ने सम्भावना देखिएकाले गर्दा अध्यादेशहरु राष्ट्रियसभाले अस्वीकृत गर्दै अध्यादेशमार्फत भएकाकाम कारबाहीलाई मान्यता दिनु कुनै सर्तमा पनि उपर्युक्त हुन सक्दैन । त्यसैले राष्ट्रिय सभाबाट सम्वैधानिक परिषद् र केही नेपाल ऐनलाई संशोधन गर्न ल्याइएका अध्यादेशहरु अस्वीकृत गरी राष्ट्रियसभाले आफ्नो अस्तित्व जोगाउन सक्नु पर्दछ ।

## के सुकुम्बासीको...

त्यसो गरेको देखिएन । विद्यार्थीहरु पढ्ने गरेका स्कुलहरूमा समेत डोजर चलाइयो । त्यही कारणले गर्दा उनीहरूको विद्यालयसँगको सम्पर्क समेत टुटेको छ भने गुम्बा मठमन्दिरहरूमा समेत डोजर चलाइएको छ ।

सुकुम्बासीहरूलाई राखिएको सेल्टरमा महिला, बृद्धबृद्धा र केटाकेटीहरूले कष्ट सहनु परेको उनीहरूल बताइरहेका छन् । सुकुम्बासीहरूमा दलित, आदिवासी, जेष्ठ नागरिक, अपाङ्ग भएका व्यक्ति, बालबालिका, महिला, श्रमिक र यौनिक तथा लैगिक अल्पसंख्यकको मौलिक हक समेत तथा अधिकारको प्रथम दृष्टिमै हनन भएको छ । सरकारको यो कदमले नेपाल सरकारले समेत अनुमोदन गरेको मानव अधिकारको विश्वव्यापी घोषणपत्र १९४८, नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ र बालबालिकाको अधिकार सम्बन्धी महासन्धी १९८९ को समेत ख्याल नगरि एकविहानै डोजर चलाइएको छ । नेपालको संविधानको धारा १६ को सम्मानपूर्वक बाच्न पाउने हक धारा २५ को सम्पत्तिको हक धारा ३७ को आवासको हक धारा ४० को दलित हक धारा ३१को शिक्षा सम्बन्धी हक र धारा ४२ को न्यायको हक समेत बालेन सरकारले उल्लघन गरेको छ ।

अहिले सुकुम्बासीहरूको घरमात्र भत्किएका छैनन् । मानिसको रहन सहन र समाजसमेत भत्किएको छ । मानिसको जीवनशैली भत्किएको छ । त्यस्तै विद्यालय, गुम्बा, मठमन्दिरमा समेत डोजर चलेको छ । विद्यार्थीको शिक्षा नागरिकको संस्कृति तथा धार्मिक अधिकारमा समेत आघात पुगेको छ । बुद्ध पुर्णिमामा शुभकामना दिएका प्रधानमन्त्री बालेन सोही दिन बल्खुमा रहेको गुम्बा भत्काएर कस्तो शान्तिको चाहना राखेका हुन् ? परीक्षा भईरहेको बेला त्यहाँ बसेका विद्यार्थीहरूमाथि कस्तो दवाव पर्‍यो होला त्यसलाई समेत ख्याल गरेको देखिएन ।

सुकुम्बासीलाई भेडाबाख्रा जस्तो गरेर एकै ठाउँमा राख्नु र त्यहाँ कसैलाई जान नदिनुको अर्थ के ? राज्यले सुकुम्बासीलाई बन्दीलाई  राखेजस्तो गरी राख्नुले उनीहरूलाई बन्दी बनाइएको जस्तो भएको छ । रास्वपा नेतृत्वको सरकार रहेको र रास्वपाकै केही सांसदहरूले समेत सरकारी जग्गा हडपेर ठुला ठुला महल बनाएका भएपनि ती महलमा डोजर नचल्नुले के बालेन सरकार गरिब सुकुम्बासी विपक्षमा उभिएको हो त ? भन्ने प्रश्न समेत उब्जिएको छ । त्यसैलाई भनिन्छ 'जो अगुवा उही बाटो हगुवा भनेर ।'

## अध्यागमनको...

सूचना प्रणालीको उद्देश्य विदेशी नागरिकको सुरक्षा, राष्ट्रिय सुरक्षा, विदेशी नागरिकको गतिविधिको अनुगमन तथा अपराध नियन्त्रण, मुलुकमा पर्यटकीय दृष्टिकोणले सुरक्षित छ भन्ने सन्देश प्रवाह गर्ने मुख्य उद्देश्य रहेको बताउनु भयो । छलफल कार्यक्रममा गृह मन्त्रालय, नेपाल पर्यटन बोर्ड, पर्यटन विभाग, आन्तरिक राजस्व विभाग, होटल एसोशिएसन नेपाल (हान), होटल व्यवसायी महासंघ, पर्यटक प्रहरी लगायत सरोकारवाला निकायहरूको सहभागिता रहेका थिए ।

होटल व्यसायीहरु होटल संघ र एसोसिएसनहरूसँग नजोडिएका कारण -एफ एन एम आई एस)मा आवद्धता संख्या कम भएको विषय उठेका थिए । विदेशी नागरिक व्यवस्थापन सूचना प्रणालीसम्बन्धी सचेतनाको कमी भएकोले आगामी दिनमा क्रमश यस सूचना प्रणालीमा जोड्दै जाने पनि छलफलमा उठेका थिए । साना होटल व्यवसायी यस सूचना प्रणालीमा आवद्ध हुन नसकेको जनाए । सबै स्तरका होटलहरूलाई समेत प्रणालीमा जोड्दै जाने र आगामी दिनमा प्रणालीमा आवद्ध भएका र नभएकाहरूलाई पनि सचेतनामूलक कार्याक्रममा सहभागी गराउने विभागका महानिर्देशक रामचन्द्र तिवारीले बताउनु भयो । महानिर्देशक तिवारीले विभागले सरोकारवाला निकायसँग समन्वय गरि अनुगमनमा तीव्रता समेत दिने निर्णय जनाउनु भयो ।

होटल लगायत अन्य प्रकृतिका सेवा प्रदायकहरूलाई प्रणालीमा आवद्ध गर्न विभिन्न स्थानमा सचेतना कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको छ । उक्त प्रणालीमा राष्ट्रिय सुरक्षाको विषय भएको र धेरै होटलहरु उक्त प्रणालीमा आवद्ध हुन आउनु पर्ने बताउनु भयो ।

आन्तरिक राजस्व विभाग, पर्यटन विभागबाट होटललाई प्रवाह हुने सेवासँग -एफ एन एम आई एस)मा आवद्ध गर्ने र उक्त प्रणालीमा आवद्ध भएका होटलहरूको सूची अध्यागमनको नेपाली पोर्टमा राखी भिसा आवेदन गर्दाकै बखत आवद्ध होटल छनौंट गर्ने व्यवस्था लागू गर्ने लगायतका विकल्पहरूका बारेमा विभागले छलफल गरेको हो ।

## व्यवस्थापिका...

विषयमा कुनै औपचारिक जानकारी दिइएन । सर्बोच्च अदालतका प्रधानन्यायाधिश नियुक्तिको सिफारिस गर्न बसेको बैठकले सर्बोच्च अदालतकी कामु प्रधानन्यायाधिश सहित पहिलो दोस्रो र तेस्रो नम्वरमा रहेको न्यायाधिशहरूलाई पन्छाएर चौथो नम्वरमा रहेका व्यक्तिलाई सिफारिस गरियो । यो नेपालको इतिहासमै पहिलो नजिर हुन पुगेको छ । राष्ट्रिय सभाका अध्यक्ष तथा सम्वैधानिक परिषद्का सदस्य र संसदका प्रमुख विपक्षी दलका नेताहरूले विरोध जनाउँदा जनाउँदै न्यायाधिश मनोज शर्माका नाममा सहमति जनाउनु प्रधानमन्त्रीले आग्रह गरेपनि संसदमा प्रमुख प्रतिपक्षी दलका नेताले नोट अफ डिसेन्ट नै लेखेर विरोध जनाएको हुनाले मुलुकका प्रमुख तीन अङ्ग मध्येकै एक अङ्ग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामाथि हावी हुने सम्भावना समेत बढेर गएको छ । यदि त्यसो भएमा यस्तो कदम मुलुककै लागि दुर्भाग्य सावित हुन सक्ने तर्फ राजनीतिक दलहरु सजग हुनुपर्दछ ।

## अध्यादेश पारित...

गर्न ल्याइएको अध्योद विवादको भुमरीमा परेका छन् । नेपालको संविधान अनुसार अध्यादेश पारित हुनका लागि संसदको दुवै सदनबाट स्वीकृत हुनुपर्ने सम्वैधानिक व्यवस्था रहेको छ ।

प्रतिनिधिसभामा रास्वपाका भ्रण्डै दुई तिहाई मत रहेकोले गर्दा प्रतिनिधिसभाबाट ती दुई विधेयक सहितका अन्य विधेयक पारित गराउन सरकारलाई कुनै कठिनाई नभएपनि राष्ट्रिय सभामा रास्वपाको शुन्य संख्या रहेकाले राष्ट्रिय सभाबाट उक्त दुई विधेयक अस्वीकृत हुने सम्भावना बढेर गएको छ ।

राष्ट्रिय सभामा नेपाली कांग्रेसको २४, नेकपाको १७, एमालेको १०, जसपाका २, लोसपा र राष्ट्रिय जनमोर्चाका १/१ सांसद रहेका छन् भने राष्ट्रपतिबाट मनोनित २ सांसद रहेको छ । राष्ट्रिय सभामा जम्मा ५९ सांसद रहेका छन् बहुमतको लागि ३० सांसदको समर्थन आवश्यक हुन्छ । कांग्रेस, एमाले, नेकपाले दुई अध्यादेशको विरोध गरिसकेका हुनाले उनीहरूले राष्ट्रियसभबाट उक्त अध्यादेशका पक्षमा मत दिन सक्ने सम्भावना न्यून रहेको छ । प्रधानमन्त्रीको अध्यक्षतमा रहने ६ सदस्यीय सम्वैधानिक परिषद्को बैठक सम्बन्धी कार्यविधिलाई अध्यादेशले संशोधन गरेको छ । जसमा अध्यक्ष र कम्तिमा ४ सदस्यको उपस्थिति भए बैठक गणपुरक हुने व्यवस्थालाई संशोधन गरेर अध्यादेशले अध्यक्ष र ३ सदस्यको उपस्थितिलाई गणपुरक हुने प्रावधान राखेको हुनाले त्यसको विरोध हुँदै आएको छ । बालेन नेतृत्वको सरकारले अध्यादेश ल्याउनु अघि विपक्षी दलहरूसँग छलफल नै नगरि एकलौटी ढँगले राज्यका प्रमुख अङ्गहरु कब्जा गर्ने उदेश्यले नै प्रधानन्यायाधिसमा रोलक्रम मिचेर सिफारिस गरिएको र प्रधानन्त्रीसहित सभामुख उपसभामुख र प्रधानन्यायाधिश बसेर निर्णय गर्ने मनसाय राखेर अध्यादेश ल्याइएको हुनाले यो घातक हुन सक्छ । अध्यादेश संसदको दुवै सदनबाट अनिवार्य रूपमा पारित हुनुपर्ने सम्वैधानिक व्यवस्था रहेकाले प्रतिनिधिसभाले पारित गर्दैमा त्यो अध्यादेश पारित हुन सक्दैन । राष्ट्रिय सभाले पारित नगरेसम्म ।

## अध्यादेश...

आह्वान गरिसकको संसदको अवधिवेशन एकाएक स्थगित गरेर २ दिको बीचमा ८ वटा अध्यादेश ल्याउनुको अर्थ के ? प्रतिनिधिसभामा रास्वपाकै बहुमत रहेको र संसदीय समितिहरूमा समेत उसैको बहुमत रहेकाले गर्दा उसलाई कानुन बनाउन कुनै समस्या समेत छैन । प्रतिनिधिसभाले कानुन निर्माण गरी पारित गरेर राष्ट्रियसभामा पठाउँदा राष्ट्रिय सभाले अस्वीकृत गरेपनि पुन प्रतिनिधिसभाको वैठकबाट पारित गरेर कानुन बनाउन सकिने व्यवस्था संविधानमा रहेको छ । तर अध्यादेशलाई भने संसदका दुवै सदनले अनिवार्य रूपमा पारित गर्नुपर्ने व्यवस्था रहेको छ ।

राष्ट्रिय सभामा आफ्नो उपस्थिति नरहेको प्रष्ट हुँदाहुँदै र राष्ट्रिय सभामा विपक्षी दलहरूको मात्र उपस्थिति रहेको अवस्थामा विपक्षी दलहरूसँग सल्लाह गरेर मात्र अध्यादेश ल्याउनुपर्नेमा त्यस्तो नगरि एकलौटी ढँगले अघि बढ्न खोज्नु बालेन सरकार र रास्वपाको हेपाहापन बाहेक अन्य केही हुन सक्दैन ।

बहुमतको दम्भ देखाएर विपक्षी दलहरूलाई चिढ्याउने र उनीहरूबाट सहयोग लिन नखोज्ने प्रवृत्तिले गर्दा बालेन सरकारमाथि नै नैतिक संकट पर्न सक्छ । आफैँले ल्याएको अध्यादेश पारित नभएका खण्डमा के बालेनले नैतिकताका आधारमा प्रधानमन्त्रीबाट राजिनामा दिन्छन त ? अरूलाईलाई नैतिकताको पाठ सिकाउने प्रधानमन्त्री बालेन आफ्नै लिडेढिपीका कारण अध्यादेशको कारण नैतिक संकटमा पर्दै गएका छन् । राज्यका महत्वपूर्ण अंगहरु व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका तिनै अङ्ग कब्जा गर्ने उदेश्यले प्रधानन्यायाधिशमा वरिष्ठ र कामुलाई छोडेर चौथो नम्वरका न्यायाधिशलाई प्रधानन्यायाधिशका लागि सिफारिस गरियो । व्यवस्थापिका संसदमा रास्वपाकै डिपी अर्याल सभामुख रहेका छन् भने कार्यकारी प्रमुखमा प्रधानमन्त्री बालेन नै रहेका हुनाले उनीहरु पुरै राज्य सत्ता कब्जा गर्ने उदेश्यले अघि बढ्दै गएका भएपनि उनीहरूमाथि नैतिक संकट बढ्दै गएको छ ।

## कर्मकाण्डकै...

लगायतका पुराना दलहरूले जुन भौतिक, सामाजिक र आर्थिक पूर्वाधार खडा गरेका थिए तिनै पूर्वाधारमाथि नयाँ शब्दावली प्रयोग गरेर कार्यक्रम ल्याईएको छ । पुराना दलहरूले केही गरेनन् भने भाष्यलाई बालेन सरकारले ल्याएको नीति तथा कार्यक्रमले नै खण्डित गरेको छ । नीति तथा कार्यक्रममा कुनै नविनता छैन, ठुलो जनादेश पाएर एक्लौटी सरकार निर्माण गरेको रास्वपाको नेतृत्वको बालेन सरकारले क्रमभङ्ग गरेर नीति तथा कार्यक्रम ल्याउन सक्ने अवस्था भएपनि ऊ यसमा चुकेको छ । सरकारको प्राथमिकता तोकेरै नीति तथा कार्यक्रम ल्याइनु पर्नेमा त्यस्तो देखिँदैन । सरकारको प्राथमिकता सुशासन वा रोजगारी के हो, त्यो समेत स्पष्ट देखिँदैन ।

पुराना राजनीतिक दलहरूलाई गाली गरेर र उनीहरूले विगतमा देश निर्माणको क्रममा केही गरेनन् भन्ने भाष्यलाई सरकारले आफैँ खण्डन गरेको छ । विकास निर्माणका कार्यहरु हुँदै नभएको होइन तर जति हुनुपर्ने थियो त्यो नभएको हो । रास्वपाले निर्वाचनका बेला कायापलट गर्ने बाचा जनतासामू गरेको थियो तर नीति तथा कार्यक्रममा त्यस्तो केही नदेखिएको आरोप रास्वपा र बालेन सरकारमाथि लागेको छ । ठुला ठुलो कुरा गरेर मात्र मुलुकको विकास नहुने र जनताको जीवनस्तरसम्म माथि उठ्न सक्ने सम्भावना हुँदैन । सरकारले ल्याएको नीति तथा कार्यक्रमका बारेमा संसदमा छलफल गर्ने समय छोटो हुने हुनाले छलफलमा भाग लिन चाहने सांसदहरूले समय नै पाउन सक्ने सम्भावना न्युन रहेकाले बालेन सरकारको नीति तथा कार्यक्रम पनि कर्मकाण्डीमै सिमित हुने प्रायः निश्चित रहेको छ ।

सरकारको आलोचना हुन्छ भनेर यस पटक नीति तथा कार्यक्रममाथि छलफल गर्ने समय संकुचित गरिएको छ । सत्ता पक्षकै सांसदहरूका पनि सुझाव हुन सक्छन् तर उनीहरूले चाहेपनि छलफलमा भाग लिएर आफ्ना कुरा राख्न सक्ने अवस्था नरहेको र सांसदहरूले आफ्ना कुरा राखेपनि नीति तथा कार्यक्रममा परिवर्तन नहुने भएकाले सरकारले संसदमा प्रस्तुत गरेको नीति तथा कार्यक्रमलाई कर्मकाण्डी पुर्‍याउनैका लागि मात्र ल्याएको हो भन्ने आरोप लागेको छ ।

## संसदमा...

नीति तथा कार्यक्रम भनेको प्रधानमन्त्रीको कार्यक्रम हो भने विश्वव्यापी मान्यता रहेको भएपनि प्रधानमन्त्री साहले त्यसलाई स्विकार गर्न नसक्नु भनेको लोकतान्त्रिक व्यवस्थाकै अपमान हो र संसदमा उपस्थित रहेका सबै दलको सहयोग र समर्थनमा संसद सञ्चालन हुनुपर्नेमा दुई तिहाई मतको दम्भ देखाउने सभामुख डिपी अर्यालले समेत दम्भ देखाउन थालेको आरोप विपक्षी दलहरूले लगाउन थालेका छन् । त्यसको प्रत्यक्ष मारमा प्रतिनिधिसभाको बैठक परेको छ । नयाँ निर्वाचन पछि अस्ति बैशाख ३० गते प्रतिपक्षी दलहरूले संसदको बैठक अवरूद्ध गर्दै प्रधानमन्त्री संसदमा उपस्थित भएर छलफलमा उठेको प्रश्नको उत्तर प्रधानमन्त्रीले नै दिनुपर्ने माग गरेका थिए ।

आफ्नो नीति तथा कार्यक्रम भएकाले आफैँ उपस्थित भएर सांसदहरूका प्रश्नको उत्तर दिनुको बदला अर्थमन्त्रीलाई छलफलमा उठेका प्रश्नहरूको उत्तर दिन लगाउनुले सांसदको मात्र अपहेलना नभएर संसदीय व्यवस्थाको उपहास भएको छ । विश्वव्यापी लोकतान्त्रिक पद्दतिलाई तोडेर प्रधानमन्त्री संसदको बैठकमा उपस्थित नहुनु भनेको लोकतान्त्रिक व्यवस्थाकै उपहास हो । यसबाट प्रष्ट हुन्छ रास्वपा र प्रधानमन्त्री साह लोकतान्त्रिक व्यवस्थाप्रति प्रतिवद्ध छैनन् भनेर ।

संसद भनेको जनताका समस्याको समाधान गर्ने थलो हो । जनताले आ आफ्ना प्रतिनिधिहरूलाई सांसदको रूपमा संसदमा पठाएका हुन्छ । एउटा सांसदले आफ्नो क्षेत्रको विकास निर्माण र जनताका आवश्यकताका बारेमा संसदमा कुरा उठाएर प्रधानमन्त्रीको ध्यानाकर्षण गराउने परम्परा रहि आएकोमा त्यसलाई वेवास्ता गर्दै एउटा मन्त्रीलाई सांसदको प्रश्नको उत्तर दिन लगाउनुले संसदीय व्यवस्था र लोकतान्त्रिक पद्दति कहिल्यै बलियो हुन सक्दैन । संसदमा आफ्नो पार्टीको बहुमत रहेको छ भनेर विपक्षी दलहरूलाई वेवास्ता गर्दै एक्लै अघि बढ्न खोजिएको अवस्थामा मुलुक दुर्घटनामा पर्न सक्छ भन्ने हेक्का रास्वपा नेतृत्व र सरकारको नेतृत्व गरेका प्रधानमन्त्री बालेन साहलाई होस् ।

**अवैध चोरी निकासी नियन्त्रण गरौं**

- गैरकानुनी रूपमा सामान देश बाहिर लैजाने/ल्याउने कार्य रोकौं,
- शंकास्पद गतिविधि देखे सम्बन्धित निकायमा जानकारी गराऔं,
- वैधानिक प्रक्रियाबाट आयात-निर्यात गरौं,
- कर छलि र तस्करी विरुद्ध सचेत बनौं,
- सीमा क्षेत्र र बजारमा निगरानी बढाऔं,
- प्राकृतिक स्रोत, वन सम्पदा तथा राष्ट्रिय सम्पत्तिको संरक्षण गरौं,

**आर्थिक सुशासन कायम गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार